कक्षा आठमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा त्रुटि

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत

स्नातकोत्तर तह, चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

शोधपत्र

अनिता गोले

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

नेपाली शिक्षा विभाग

पुष्पलाल मेमोरियल कलेज

चाबहिल, काठमाडौँ

२०८१

कक्षा आठमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा त्रुटि - अनिता गोले २०८१

कक्षा आठमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा त्रुटि

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत

स्नातकोत्तर तह, चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

शोधपत्र

अनिता गोले

परीक्षा क्रमाङ्क : ७६१५१००१

त्रि.वि. दर्ता नं. : ९-२-०१५१-०१६८-२०१५

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

नेपाली शिक्षा विभाग

पुष्पलाल मेमोरियल कलेज

चाबहिल, काठमाडौँ

२०८१

पेस गरेको मिति : २०८१/२/१
14 May, 2024

मौखिक परीक्षा मिति : २०८१/२/१७
30 May, 2024

© २०८१
अनिता गोले
सर्वाधिकार शोधार्थीमा

समुद्घोषण

प्रस्तुत शोधपत्रभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । यसमा प्रयोग गरिएका प्राथमिक स्रोतका सामग्रीहरू अन्यत्र कहीँबाट साभार गरिएका छैनन् । द्वितीयक स्रोतका सामग्री प्रयोग गरिएका ठाउँमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएका छन् । यस शोधपत्रका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

....

अनिता गोले

शोधार्थी

मिति : २०८१/२/१

शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रका छात्रा अनिता गोलेले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५४४ को आवश्यकता पूर्तिका निम्ति *कक्षा आठमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा त्रुटि* शीर्षकको शोधपत्र मेरो निर्देशनमा रहेर तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यो शोधकार्यबाट म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....

उपप्रा. शक्तिराज नेपाल

शोधनिर्देशक

शिक्षाशास्त्र सङ्काय

नेपाली शिक्षा विभाग

पुष्पलाल मेमोरियल कलेज

चाबहिल, काठमाडौँ

मिति : २०८१/२/१

14 May, 2024

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पुष्पलाल मेमोरियल कलेज, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्रा अनिता गोलेद्वारा *कक्षा आठमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा त्रुटि* शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. श्री वासुदेव ढुङ्गेल (विभागीय प्रमुख) ....

२. डा. गणेश अधिकारी (विषय विशेषज्ञ) ....

३. डा. शिव गौतम (बाह्य सुपरिवेक्षक) ....

४. उपप्रा. शक्तिराज नेपाल (शोधनिर्देशक) ....

मिति : २०८१/०२/१७
30 May, 2024

कृतज्ञता ज्ञापन

प्रस्तुत *काठमाडौँ महानगरपालिका बौद्ध क्षेत्रका कक्षा ८ मा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्यरचनामा त्रुटि* शीर्षकको शोधपत्र स्नातकोत्तर तह चौथो सेमेस्टर नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि मेरा श्रद्धेय गुरु उपप्रा. शक्तिराज नेपालज्यूको निर्देशनमा तयार पारेकी छु । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र चुनौतीहरूसँग जुध्ने प्रेरणा दिँदै उचित मार्गनिर्देशन गराएर अत्यन्त व्यस्त जीवनमा पनि मलाई अमूल्य समय, समुचित सल्लाह, सुझाव र मार्गनिर्देशन दिनु भई लेखन कार्यलाई सफल बनाउन प्रेरणा दिनु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्ताव लेखनदेखि नै अमूल्य सुझाव सल्लाह दिँदै उत्प्रेरित गर्नुहुने सहायक क्याम्पस प्रमुख तथा विभागीय प्रमुख श्री वासुदेव ढुङ्गेललगायत सम्पूर्ण नेपाली भाषा शिक्षा विभागमा प्राध्यापनरत गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्र लेखनका लागि आवश्यक सल्लाह सुझाव दिनुहुने क्याम्पस प्रमुख श्री शम्भु अधिकारीलाई हार्दिक आभार प्रकट गर्दछु । शोधपत्र लेखनका निम्ति आवश्यक सामग्री सङ्कलन कार्यलाई सहज र व्यवस्थित तुल्याउन मद्दत गर्नुहुने काठमाडौँ महानगरपालिका बौद्ध क्षेत्रका सहयोगी विद्यालयका प्रधानाध्यापकहरू, नेपाली विषयका शिक्षकहरू, विद्यार्थी भाइबहिनीहरू लगायत विद्यालय परिवारका सम्पूर्ण सदस्यहरूप्रति आभार प्रकट गर्दछु । त्यसैगरी सामग्री सङ्कलनका क्रममा आवश्यक सल्लाह, सुझाव दिई र सामग्री सङ्कलनमा मद्दत गर्नुहुने सम्पूर्ण गुरुहरूप्रति म सदैव ऋणी छु ।

प्रस्तुत शोधपत्र लेखनका लागि उत्साहित गरी सहयोग पुऱ्याउने सहपाठी मित्रहरूलाई धन्यवाद दिन्छु । साथै सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भनी नैतिक अर्तीउपदेश दिँदै विभिन्न व्यावहारिक र आर्थिक समस्यासँग सङ्घर्ष गरेर आफ्नो अमूल्य समय, श्रम र पसिना खर्चेर सदा स्नेह र मायाले मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउन साथ र सहयोग गर्नुहुने मेरा पूजनीय आमा माया तामाङ, बुवा हरि बहादुर तामाङ, आदरणीय दाइ सन्दीप लामा, भाइ अविनाश गोले, बुहारी सिर्जना थोकर साथै सम्पूर्ण परिवारप्रति म सदैव नतमस्तक छु ।

अन्त्यमा यस शोधपत्रको कम्प्युटर टङ्कन गरी सहयोग गर्नुहुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका आदरणीय दाइ जितेन महर्जनको विनम्र सहयोगलाई बिर्सनै सक्दिन ।

अनिता गोले

नेपाली भाषा शिक्षा विभाग

पुष्पलाल मेमोरियल कलेज

चाबहिल, काठमाडौँ ।

शोधसार

प्रस्तत् शोधपत्रमा *कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली वाक्यरचनामा त्रुटिहरूको अध्ययन* गरिएको छ । काठमाडौँ महानगरपालिका बौद्ध क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ का तामाङ मातृभाषी विद्यार्थीहरूको वाक्यरचनागत त्रुटिका प्रकारको अध्ययन गर्नु, वाक्यरचनागत त्रुटिका क्षेत्रको अध्ययन गर्नु प्रस्तुत शोधका उद्देश्यहरू रहेका छन् ।

प्रस्तुत शोधपत्रमा राखिएका उद्देश्यहरू पूरा गर्ने क्रममा कक्षा अवलोकन र खुला प्रश्नावली विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा काठमाडौँ महानगरपालिका बौद्ध क्षेत्रका सामुदायिक विद्यालयहरूमध्ये ५ वटा विद्यालयलाई मात्र छनोट गरिएको छ । ती छनोटमा परेका विद्यालयका २५ जना विद्यार्थीमध्ये ५ जनालाई नमुनाका रूपमा लिएको छ । नमुना छनोटका आधारमा सङ्कलन गरिएका विद्यार्थीहरूले लेखिएका पाठलाई आधार मानी व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययनबाट कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको वाक्यरचनामा त्रुटिका बारेमा विद्यार्थीबाट लिखित पाठ सङ्कलन गरिएको छ । उक्त सामग्रीको अध्ययनका क्रममा वाक्यरचनाका शब्दचयनमा प्रभाव, वाक्यनिर्माणमा प्रभाव, वर्णविन्यासमा प्रभाव, अनुच्छेद लेखनमा प्रभाव पक्षमा सही र गलत प्रतिक्रिया देखिएका छन् । मानक पक्षका 'श्री' का ठाउँमा 'श्रि' लेखिएको छ । 'लाइब्रेरी' मानक पक्षको आधारमा 'लाइवेरी' लेखिएको पाइन्छ । ह्रस्व-दीर्घ, वर्णविन्यासका क्रमलाई बिगारेको पाइन्छ । त्यसैगरी वाक्यनिर्माणमा परेको प्रभावमा वचनको सङ्गति, विभक्ति र शब्दचयनमा प्रभाव परेको देखिन्छ । त्यसैगरी वर्णविन्यासको प्रभावमा विद्यार्थीहरूमा ह्रस्व दीर्घ, ब, व, विभक्ति, वर्णविन्यास, चन्द्रविन्दु-शिरविन्दु, पदयोग र वियोग साथै द, ध मा प्रभाव परेको देखिन्छ । त्यसैगरी अनुच्छेद लेखनमा उनीहरूले लेखेको पाठलाई व्यक्त गर्दा अनुच्छेदमा बीज वाक्यका रूपमा पहिलो वाक्यले भूमिका निभाएको भए पनि कतिपय विद्यार्थीले सार पक्षमा त्रुटि गरेको देखिन्छ । तथापि, अनुच्छेदमा विद्यार्थीहरूले वर्ण, रूप, शब्द तथा वाक्य रचनामा तामाङ मातृभाषाको प्रभाव परेको देखिन्छ । समग्रमा पाठका आधारमा विद्यार्थीहरूका वाक्यरचनामा त्रुटिको विश्लेषण गर्दा मध्यम खालको रहेको पाइन्छ । त्यसैगरी

विद्यालयका विषय शिक्षकको प्रतिक्रिया लिँदा विद्यार्थीको भाषिक पृष्ठभूमिमा सबैभन्दा धेरै तामाङ भाषी विद्यार्थीको उपस्थिति देखिन्छ । अन्य भाषिक पृष्ठभूमिका विद्यार्थीहरूको पनि उपस्थित रहेको छ । शिक्षण सहभागिता, भाषिक अभ्यास, भाषिक अवस्था, वाक्यरचना आदिमा तामाङभाषी विद्यार्थीहरुमा मातृभाषाको प्रभाव देखिएको भन्ने शिक्षकको प्रतिक्रिया रहेको छ । विद्यार्थीहरूको वाक्यरचनाको त्रुटि विश्लेषणमा वर्णविन्यासमा धेरै त्रुटि रहेको देखिन्छ । समग्रमा विद्यालयका तामाङभाषी विद्यार्थीहरूको वाक्यरचनामा त्रुटि गरेको देखिएकाले विद्यार्थीको रुचि, क्षमता, आवश्यकताअनुसार पाठ्यपुस्तक, शिक्षण सामग्री र शिक्षण विधिको निर्माण र उपयोग गर्नुपर्ने देखिन्छ । त्यसैगरी विद्यार्थीका वाक्यरचनागत त्रुटि सुधार्न शिक्षक, विद्यार्थी र अभिभावक सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । अझ नेपालीलाई दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीका लागि नेपाली भाषा सिकाइमा स्वाभाविक भाषिक अभ्यासको वातावरण प्रदान गरिदिनुपर्ने देखिएको छ ।

विषयसूची

पृष्ठ

सर्वाधिकार क
समुद्घोषण ख
शोधनिर्देशकको सिफारिसपत्र ग
स्वीकृति पत्र घ
कृतज्ञताज्ञापन ङ
शोधसार च
विषयसूची झ
तालिका सूची ड

अध्याय एक

शोधपरिचय

अध्ययनको पृष्ठभूमि १
समस्याकथन ३
अध्ययनको उद्देश्य ३
अध्ययनको औचित्य ३
अध्ययनको परिसीमा ६
अध्ययनको रूपरेखा ६

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

पूर्वकार्यको समीक्षा ७
    पुस्तक समीक्षा ७
    शोधकार्यको समीक्षा ८
सैद्धान्तिक अवधारणा ११
    त्रुटि विश्लेषणको परिचय ११
    त्रुटिविश्लेषणको महत्त्व १३

त्रुटिको क्षेत्र १४
वाक्यरचनागत त्रुटि १४
वचन १४
लिङ्ग १४
पुरुष १४
आदर १५
वाच्य १५
अवधारणात्मक ढाँचा १६

अध्याय तीन

शोधविधि तथा प्रक्रिया

अध्ययनको ढाँचा १७
अध्ययनको विधि १७
जनसङ्ख्या १७
नमुना छनोट १८
सामग्री सङ्कलनका स्रोतहरू १८
प्राथमिक स्रोत १८
द्वितीयक स्रोत १८
सामग्रीको विश्वसनीयता निर्धारण १८
सामग्रीको विश्लेषण १९

अध्याय चार

व्याख्या तथा विश्लेषण

कक्षा ८ मा अध्ययन गर्ने तामाङभाषी विद्यार्थीको नेपाली वाक्यरचनामा त्रुटि २०
शब्दचयनमा प्रभाव २०
वाक्यरचनागत त्रुटि २२
वर्णविन्यासगत त्रुटि २३
अनुच्छेद रचनामा गर्ने त्रुटि २५

निष्कर्ष ३०

विद्यार्थीको वाक्यरचनागत त्रुटिसम्बन्धी शिक्षकको प्रतिक्रिया ३१

भाषिक पृष्ठभूमि ३१

शिक्षण सहभागिता ३२

भाषिक अवस्था ३२

वाक्यरचनामा प्रभाव ३३

निष्कर्ष ३३

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले वाक्य रचनामा गर्ने त्रुटि ३४

भाषिक पृष्ठभूमि ३४

शिक्षण सहभागिता ३५

भाषिक अभ्यास ३५

भाषिक अवस्था ३५

वाक्यरचनामा प्रभाव ३५

परिच्छेद पाँच

सारांश, निष्कर्ष तथा उपयोगिता

सारांश ३६

निष्कर्ष ३७

सुझावहरू ३९

उपयोगिता ४०

नीतिगत तह ४०

प्रयोगगत तह ४१

भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ४१

सन्दर्भसामग्री सूची ४२

परिशिष्ट १ : छनोटका लागि सङ्कलन गरिएका विद्यालयहरू

परिशिष्ट २ : शिक्षकलाई गरिएका प्रश्नहरूका प्रतिलिपि

तालिका सूची

पृष्ठ

तालिका नं. १ *शब्दचयनमा प्रभाव* २०

तालिका नं. २ *वाक्यरचनागत त्रुटि* २२

तालिका नं. ३ *वर्णविन्यासगत त्रुटि* २४

अध्याय एक

शोधपरिचय

अध्ययनको पृष्ठभूमि

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली वाक्यरचनामा त्रुटि नै यस अध्ययनको विषय रहेको छ । भाषाशिक्षणमा वर्णविन्यास भनेको वर्णहरूको व्यवस्थित विन्यास वा वर्णहरूको ठिक रखाइ वा नियमबमोजिमको लेखन हो । ठिक ढङ्गले वर्णविन्यासको प्रयोग नगरेमा अर्थको अनर्थ हुने हुँदा लेखाइमा वर्णविन्यास हुनु पर्दछ । त्रुटि भनेको कुनै पनि लेख्य भाषामा सम्बन्धित विषय हो । वर्णविन्यास कुनै पनि भाव वा विचार व्यक्त गर्न पनि वर्णविन्यास मिलाउनु पर्दछ । वर्णको सम्बन्ध अर्थसँग भएको हुनाले लेख्ने क्रममा विभिन्न त्रुटि देखिन्छ । लिखित अभिव्यक्तिमा लेख्य चिह्नहरूको शुद्ध, स्पष्ट र स्तरीय प्रयोगको आवश्यकता पर्दछ । वर्णविन्यासभित्र विभिन्न क्षेत्रहरू पर्दछन् लिङ्ग, वचन, पुरुष, आदर, काल, पदयोग, पदवियोग, वाक्य । तामाङभाषी विद्यार्थीले कुन क्षेत्रमा धेरै त्रुटि गरेका छन् भनेर यस अध्ययनले जोड दिएको छ । वर्तमान समयमा त्रुटि विश्लेषण एक महत्त्वपूर्ण विषय भएको छ । त्रुटि विना कुनै पनि भाषा सिकाइ हुँदैन । त्रुटिलाई विद्यार्थीको बौद्धिक कमजोरी नमानी सफलताको सिँढीमा पुऱ्याउने खुड्किलो बुझ्नुपर्दछ ।

भाषा सिक्ने क्रममा सिकारुहरूले विभिन्न खालका त्रुटि गरेका हुन्छन् । नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपालमा १२४ वटा भाषा बोलिन्छन् । ती मध्ये तामाङ भाषा पनि एक हो । नेपालको जनगणना २०७८ का अनुसार तामाङहरूको सङ्ख्या १६,३९,०५० अर्थात् ५.६२% रहेको पाइन्छ । तामाङ मातृभाषी विद्यार्थीहरू पहिले नै तामाङ भाषामा अभ्यस्त भइसकेको हुनाले उनीहरूले नेपाली वाक्यरचनामा त्रुटिहरू गर्छन् । भाषाको माध्यम दुई खालको हुन्छ : लिखित र अर्को मौखिक । भाषाको त्रुटिका कारण अर्थको अनर्थ लाग्छ । अशुद्ध, अस्पष्ट हुने र अभिव्यक्ति दुर्बोध्य र अप्रभावकारी हुन जाने हुन्छ । त्यसकारणले सिकाइ वा पढाइ लेखाइमा समेत प्रभाव पार्न सक्ने भएकाले यसबाट भाषा सिकाइ वा अभिव्यक्तिका सम्पूर्ण पक्षमा प्रभाव परेको हुन्छ ।

वाक्यलाई भाषाको एक महत्त्वपूर्ण एकाइ मानिन्छ । अर्थ स्पष्ट हुने गरी प्रयोग भएको मानवीय भाव वा विचार नै वाक्य हो । वाक्य निर्माण गर्ने क्रममा व्यक्तिले विभिन्न खालका वर्णविन्यासगत त्रुटि गर्दछ । दुई वा सोभन्दा बढी सार्थक शब्दहरूको विन्यासक्रमिक संयोजनलाई वाक्य भनिन्छ । यो उपवाक्यभन्दा ठूलो र अनुच्छेदभन्दा सानो भाषिक एकाइ हो (चौधरी, २०६७, पृ. १) । वाक्य रचनाका क्रममा विद्यार्थीहरूले कुन कुन खालका त्रुटि बढी गर्छन् भनेर हामीले अध्ययन गर्न सक्छौँ । यसमा वर्णविन्यास भनेको भाषाका लेख्य वर्णहरूको रखाइ हो । यसलाई अर्को शब्दमा लिपि भनिन्छ । वर्णविन्यासकै पर्यायवाची शब्दका रूपमा हिज्जे, शुद्ध, अशुद्ध, हलन्त, अजन्त, चन्द्रविन्दु, शिरविन्दु, श, ष, स, व, ब, आदि वर्णविन्यासभित्र पर्दछन् (शर्मा र पौडेल, २०७३, पृ. १६०) । वर्णविन्यासगत त्रुटिका विषयमा अनुसन्धान तथा अध्ययन विश्लेषण भाषाको शुद्धता र स्तरीयतातर्फ सम्बन्धित हुन्छ । पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूका लागि वर्णविन्यासगत त्रुटिहरू समस्याका रूपमा देखापरेका छन् । लेखाइमा लिपिको बनोट र आकारको प्रकार खुल्न नसक्दा पनि त्रुटि हुने गर्दछ । ऋ, रि, कृ/क्रि, इ/ई, उ/ऊ, श/ष/स, व/ब आदिमध्ये लेखनमा कुनै एकको छनोट हुने अन्योलले त्रुटि भएको पाइन्छ (अधिकारी, २०६७, पृ. १८०) । प्रथम भाषा र दोस्रो भाषा सिकिरहेका विद्यार्थीहरूले वर्णविन्यासगत त्रुटि गरेका हुन्छन् । कुनै पनि भाषालाई मातृभाषाका रूपमा सिक्ने विद्यार्थीहरूमा स्वभावतः आफ्ना मातृभाषाको प्रभाव पारिरहेको हुन्छ र उनीहरूले विभिन्न खालका वर्णविन्यासगत त्रुटि गरेका हुन्छन्

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा कुन क्षेत्रमा बढी त्रुटि गर्छन् भनी त्रुटिका प्रकारको अध्ययन गर्नु यस शोधको उद्देश्य रहेको छ । उक्त पक्षको पर्याप्त अध्ययन भएको छैन र उक्त कुराको रिक्तताको अध्ययन गर्नु यस शोधको उद्देश्य रहेको छ । यस अध्ययनबाट मातृभाषाका प्रभाव अध्ययनमा सहयोग पुग्ने भएकोले यस अध्ययनको उपयोगिता रहेको छ तथा अन्य अध्ययनमा नभेटिएकाले यस अध्ययनमा उक्त कुरालाई समेटिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यरचना प्रभावका बारेमा धेरै ठाउँमा, जिल्लामा अध्ययन अनुसन्धान भए तापनि काठमाडौँ जिल्लाको बौद्ध क्षेत्रका कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा हुने

त्रुटिका बारे अहिलेसम्म अध्ययन भएको छैन । यस अध्ययनमा कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली वाक्यरचनामा रहेका त्रुटिहरूको विश्लेषण गरिएको छ ।

समस्याकथन

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा रहेका त्रुटिको अध्ययन नै प्रस्तुत शोधकार्यको मुख्य समस्या भएको छ । यस मूल समस्यालाई समाधानमा पुग्नका लागि निम्नलिखित शोधप्रश्नको निर्धारण गरिएको छ :

(क) कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले कुन प्रकारको वाक्यरचनागत त्रुटि गर्दछन् ?

(ख) कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले कुन कुन क्षेत्रका वाक्य रचनागतका त्रुटि गर्छन् ?

अध्ययनको उद्देश्य

कक्षा ८ मा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीले नेपाली वाक्यरचना गर्दा गर्ने त्रुटिहरूको अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको मूल उद्देश्य रहेको छ ।

(क) कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको वाक्यरचनागत त्रुटिका प्रकारको अध्ययन गर्नु ।

(ख) कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको वाक्यरचनागत त्रुटिका क्षेत्रको अध्ययन गर्नु ।

अध्ययनको औचित्य

विभिन्न ठाउँमा विभिन्न भाषाभाषी विद्यार्थीहरूले गर्ने वाक्यरचनागत त्रुटिको अध्ययन भएको पाइन्छ । भाषा शिक्षणमा वर्णविन्यासमा भएका त्रुटिलाई बुझ्न नसकिएमा भाषा कमजोर हुन्छ, अशुद्ध हुन्छ । तसर्थ हरेक क्षेत्रमा वाक्य रचनागत त्रुटिहरू खोज्नु आजको आवश्यकता हो । तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्य रचना गर्दा दोस्रो भाषाका रूपमा गरेका छन् । उक्त सामग्रीले सैद्धान्तिक अवधारणा प्रस्ट पार्न, अध्ययनीय वस्तु निर्धारण गर्न, अध्ययन विधि छनोट गर्न सहयोग पुऱ्याउने भएकाले यस अध्ययनका उपयोगी सामग्री रहेका छन् ।

यस अध्ययनमा तामाङभाषी विद्यार्थीले वाक्यरचनाअन्तर्गत विभिन्न व्याकरणिक कोटिहरू- लिङ्ग, वचन, पुरुष र आदर जस्ता त्रुटिहरूका कारण कुन क्षेत्रमा धेरै त्रुटिहरू गर्छन् ? त्यस्ता त्रुटिको न्यूनीकरण तथा निराकरणका निमित्त के-कस्ता समाधानका उपायहरू अवलम्बन गर्न सकिन्छ भन्ने जस्ता पक्षमा केन्द्रित भएर अध्ययन गरिने हुँदा व्याकरणिक प्रयोगमा एकरूपता ल्याउन उपयोगी र महत्त्वपूर्ण रहेको छ । वाक्यरचनामा त्रुटिको निरन्तरता अनुरूप नै कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ भन्ने कुरामा जोड दिन्छ त्यति मात्र होइन दोस्रो भाषाका लागि तथा भाषा सिकाइका लागि भाषा शिक्षण गरिन्छ ।

यस अध्ययनको शीर्षकको छनोटदेखि नै यसको औचित्य रहेको छ भनेर पुष्टि गर्न सकिन्छ । त्रिभुवन विश्वविद्यालयले दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूको अध्ययन गर्न सहयोग गरी तामाङभाषी विद्यार्थीले नेपाली भाषा सिक्दा कुन ठाउँमा त्रुटि गर्छन् भन्ने कुराको नीतिगत रूपमा योजना बनाउनका निम्ति मद्दत पुग्छ ।

त्रुटि विश्लेषणसम्बन्धी कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले नेपाली भाषा सिक्दा गर्ने वाक्यरचनागत त्रुटिको अध्ययनपश्चात् सम्बन्धित विद्यार्थीहरूले कुन-कुन ठाउँमा, कस्ता प्रकारका, कस्ता प्रकृतिका त्रुटि गर्छन् भन्ने कुरा पत्ता लगाउन, ती त्रुटिको अध्ययन गर्न सम्बन्धित ठाउँका त्रुटिहरूको निराकरण गर्नका लागि यो अध्ययनले सहयोग पुऱ्याउँछ । नीति निर्माणदेखि लिएर कक्षाकोठामा कार्यान्वयन गर्न तथा मूल्याङ्कन गर्न र सिकाइ प्रभावकारिताका लागि यस अध्ययनको औचित्य रहेको छ ।

नेपालमा बोलिने भाषाहरू १२४ वटा छन् त्यसमध्ये तामाङ भाषा पाँचौँ स्थानमा पर्दछ । तामाङभाषी विद्यार्थीहरू धेरैजसो पहाडी जिल्लाहरूमा रहेका छन् । हरेक भाषाभाषीका विद्यार्थीहरूले नेपालको राष्ट्र भाषा रूपमा रहेको नेपाली भाषाको जानकारी लिनु आवश्यक छ । त्यसरी नै तामाङ मातृभाषी विद्यार्थीहरूले पनि नेपाली (मानक) भाषा सिक्न र बोल्न आवश्यक हुन्छ । दोस्रो भाषा सिक्दा विभिन्न भाषाभाषीका विद्यार्थीले त्रुटि गरे जस्तै तामाङ मातृभाषी विद्यार्थीहरूले पनि आफ्ना मातृभाषाका प्रभावका कारणले त्रुटि गर्छन् । शिक्षणका क्रममा उनीहरूले गर्ने त्रुटि पहिल्याई सुधारात्मक उपाय खोजी गर्दै

त्रुटिको निराकरण गर्नुपर्दछ र तामाङभाषी विद्यार्थीहरूले मानक नोपली भाषाको प्रयोग गर्न सक्ने हुँदा यो शोधकार्य औचित्यपूर्ण हुने देखिन्छ ।

भाषिक शुद्धताको लागि वाक्यरचनाको महत्त्वपूर्ण स्थान छ । वाक्यरचना भाषाका चारवटा सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) सँग सम्बन्धित हुन्छन् । सिकारुले अभिव्यक्त गर्न खोजेका कुरालाई वाक्यरचनाले सिपको पहिचान गरी शिक्षणलाई अगाडि बढाउनका लागि सहयोग मिल्दछ । दोस्रो भाषा सिक्दा केकति कमी कमजोरीहरू गर्छन् त्यसलाई पहिचान गरी सुधारको खोजी गर्न र निराकरणको उपाय अपनाउन सक्नुपर्छ । हरेक मानिसको जीवनमा भाषाको सहज र सरल उपाय ल्याउनु नै भाषा हो । मानिसले जीवनमा असीमित रूपमा लिखित र मौखिक वाक्य रचना गर्दछ । मातृभाषाका प्रभावका कारणले शब्द रचनामा र वाक्य रचनामा त्रुटिहरू गरेको हुन्छ । त्यस्ता त्रुटिलाई सुधार गर्नका लागि यस अध्ययनबाट योगदान मिल्दछ ।

प्रस्तुत शोधकार्यले भाषिक नीति निर्माणमा सहयोग गर्दछ । मुख्य सरोकारवालालाई सहयोग प्रदान गर्दछ । भाषा सिकाइका लागि आवश्यक पर्ने सामग्रीका रूपमा सहयोग पुग्छ । पुस्तक र पाठ्यक्रम निर्माणका लागि सहयोग पुग्छ । शिक्षकलाई कक्षाकोठामा शिक्षण गर्दा त्रुटिको अध्ययन सिकाइ गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छ । दोस्रो भाषाका रूपमा नेपाली सिक्दा वाक्य रचनामा के कति त्रुटि गर्छन् भनेर अध्ययन गर्ने अध्येताको लागि सहयोग मिल्छ । तामाङभाषी विद्यार्थीले नेपाली वाक्य रचना गर्दा कुन ठाउँमा त्रुटि गर्छन् भन्ने कुराको नीतिगत रूपमा योजना बनाउन मद्दत पुग्छ ।

कक्षा ८ मा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने वाक्यरचनागत त्रुटिको अध्ययनपश्चात् सम्बन्धित विद्यार्थीहरूले कुन कुन क्षेत्रमा कस्ता प्रकारका त्रुटि गर्छन् भन्ने कुरा पत्ता लगाउन, ती त्रुटिको अध्ययन गर्नु सम्बन्धित ठाउँका त्रुटिहरूको निराकरण गर्नका लागि यो अध्ययनले सहयोग पुऱ्याउँछ । नीति निर्माणदेखि लिएर कक्षाकोठामा कार्यान्वयन गर्न मूल्याङ्कन गर्न सिकाइ र शिक्षणको प्रभावकारिताका लागि यस अध्ययनले सहयोग पुऱ्याउने भएकाले यस कार्यको औचित्य रहेको छ ।

अध्ययनको परिसीमा

असीमित विषयवस्तुको अध्ययनको सीमा नहुने र त्यसबाट निर्दिष्ट प्राप्तिको अपेक्षा गर्न पनि नसकिने हुँदा यस अध्ययनका परिसीमाहरू यसप्रकार रहेका छन् :

(क) प्रस्तुत शोध अध्ययन काठमाडौँ म.न.पा. को बौद्ध क्षेत्रका पाँचवटा समुदायिक विद्यालयका कक्षा ८ मा अध्ययन गर्ने तामाङभाषी विद्यार्थीहरूको नेपाली वाक्यरचनाको अध्ययनमा मात्र परिसीमित छ ।

(ख) प्रस्तुत शोधपत्र सामुदायिक विद्यालयमा अध्ययन गर्ने तामाङभाषी विद्यार्थीहरूमा ५ वटा विद्यालयका ५/५ जनाका दरले जम्मा २५ जना तामाङभाषी विद्यार्थीको अध्ययनमा मात्र सीमित भएको छ ।

(ग) प्रस्तुत शोधपत्र वाक्य रचनाअन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, वाच्यसम्बन्धी त्रुटिको अध्ययनमा मात्र परिसीमित छ ।

अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्र निम्नानुसारको रूपरेखामा संरचित छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययनको विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

पूर्वकार्यको समीक्षा

सम्बन्धित विषयसँग निकट रहेर अध्ययनपूर्व नै गरिएको कार्यलाई नै पूर्वकार्यको समीक्षा भनिन्छ । विभिन्न पत्रपत्रिका, श्रव्यदृश्य सामग्री, विभिन्न शोधपत्र पुस्तकहरूलाई समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । प्रस्तुत शोधपत्रमा विभिन्न पुस्तक र शोधकार्य गरी दुई प्रकारको समीक्षा गरिएको छ ।

पुस्तक समीक्षा

अघिकारी (२०५३) द्वारा लिखित *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* नामक पुस्तकमा नेपाली भाषा प्रयोगमा देखापर्ने त्रुटिहरूले अध्ययन, वाक्यगठनसम्बन्धी अध्ययन, वचन, आदर, लिङ्ग, पुरुष, हिज्जे वाच्यसम्बन्धी चर्चा गरेका छन् । उक्त पुस्तकबाट यस अध्ययनमा सिद्धान्त निर्माण गर्न अवधारणात्मक ढाँचा, अध्ययनीय पक्ष निर्धारण गर्न सहयोग पुग्ने भएकोले यस अध्ययनमा उपयोगी भएको छ ।

साथै उक्त पुस्तकमा नेपाली भाषाको प्रयोगमा देखापर्ने त्रुटिहरू लिपिगत तथा वर्णविन्यासगत त्रुटिभित्र ए/य, रि/ऋ, श/ष/स, ह्रस्व-दीर्घ, व,ब, हलन्त/अजन्तको प्रयोगमा चर्चा गरेका वर्णविन्यासगत त्रुटिमा चर्चा गरिएको छ । समग्रतामा प्रस्तुत अध्ययनका लागि मुख्य स्रोत सामग्रीका रूपमा उक्त पुस्तकलाई अपनाइएको छ ।

शर्मा र पौडेल (२०७३) ले *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा वर्णविन्यास शिक्षणको परिचय र प्रयोजन, वर्णविन्यासका प्रमुख त्रुटि क्षेत्रहरू ह्रस्व-दीर्घ, व/ब, ऋ/रि, चन्द्रविन्दु, शिरविन्दु, लिङ्ग, वचन, पुरुष र आदर पदयोग पदवियोगका बारेमा चर्चा गरेका छन् ।

लम्साल र अन्य (२०७४) ले *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा त्रुटि विश्लेषणको परिचय, वर्गीकरण, त्रुटिविश्लेषणको अध्ययनका बारेमा चर्चा गरेका छन् । उक्त पुस्तकमा चर्चा गरिएका त्रुटि विश्लेषणका अन्य सन्दर्भहरूबाट सिद्धान्त निर्माण गर्न,

अवधारणात्मक ढाँचा बनाउन, अध्ययन विधि छनोट गर्न तथा विश्लेषण गर्न सहयोग पुग्ने भएकाले यो अध्ययन उपयोगी भएको छ ।

शोधकार्यको समीक्षा

प्रस्तुत शोधकार्य तामाङ मातृभाषीले नेपाली वाक्यरचनामा गर्ने त्रुटिहरूको अध्ययनलाई सम्पन्न गर्नका लागि विभिन्न विषयसँग सम्बन्धित विभिन्न शोधकार्यलाई अध्ययन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

थिङ (२०६९) ले *कक्षा सातमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको एक अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । यस शोधपत्रको मूल उद्देश्य कक्षा सातमा अध्ययन गर्ने तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन छ । उक्त शोधका उद्देश्यहरू तामाङभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटि पहिचान गर्नु र ती त्रुटिका समस्याहरू हटाउन सुझाब दिनु आदि छन् । उक्त शोधपत्रको अध्ययनबाट यस अध्ययनका विधि, छनोट, उद्देश्य निर्धारण सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकोले उपयोगी रहेको छ ।

भण्डारी (२०६९) ले *कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । यस शोधपत्रका मूल उद्देश्यहरू कक्षा ७ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता पत्ता लगाउनु र त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्नु अनि त्रुटि निराकरणात्मक शिक्षणका लागि सुझाव दिनु आदि रहेका छन् । उक्त शोधपत्रको अध्ययनबाट विधि छनोट, उद्देश्य निर्धारण, सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकाले यस अध्ययनमा उपयोगी रहेको छ ।

विष्ट (२०७०) ले *कक्षा ९ मा अध्ययनरत धिमालभाषी विद्यार्थीहरूले स्तरीय नेपाली प्रयोग गर्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा शोधपत्र प्रस्तुत गरेका छन् । यस शोधपत्रको मूल उद्देश्य धिमालभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने वाक्यगठनका समस्याको पहिचान गर्ने र त्रुटि हुनुका कारणहरू पत्ता लगाउने, निराकरण गर्न अपनाउन सकिने उपायहरू बताउने, नेपाली भाषागत व्याकरण व्यवस्थालाई तुलना गर्नु हो । उक्त शोधपत्रको अध्ययनबाट यस अध्ययनका विधि छनोट, उद्देश्य निर्धारण,

सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकाले यस अध्ययनमा उपयोगी बनेको छ ।

शर्मा (२०७१) ले *कक्षा आठका विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । उक्त शोधपत्रको मूल उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन गर्नु, वाक्यगठनमा गर्ने त्रुटिहरूको वर्गीकरण र त्रुटिको निराकरण लागि वर्गीकरण गर्नु रहेको छ । उक्त शोधपत्रको अध्ययनबाट यस अध्ययनका विधि छनोट, उद्देश्य निर्धारण, सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकाले यस अध्ययनमा उपयोगी सामग्री बनेको छ ।

शर्मा (२०७१) ले *कक्षा सातमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा लेखाइमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । उक्त शोधपत्रका मूल उद्देश्यभित्र कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले गर्ने नेपाली भाषा लेखाइमा पर्ने त्रुटिहरू पत्ता लगाउनु, त्रुटिको क्षेत्र वर्गीकरण गर्नु र त्रुटिको निराकरणका लागि सुझाव दिनु आदि रहेका छन् । यस अध्ययनमा अध्ययन विधि छनोट, उद्देश्य निर्धारण, सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकाले उक्त अध्ययन यस अध्ययनमा पनि उपयोगी छ ।

अधिकारी (२०७३) ले *इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । उक्त शोधपत्रका मूल उद्देश्यहरू विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूका क्षमताको तुलनात्मक अध्ययन गर्नु र ती त्रुटिका समस्याहरू हटाउन सझुाव दिनु आदि रहेका छन् । यस अध्ययनमा अध्ययन विधि छनोट, उद्देश्य निर्धारण, सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकाले यस अध्ययनमा उपयोगी सामग्री रहेको छ ।

पासवान (२०७३) ले *कक्षा ८ मा अध्ययनरत मैथलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिकाइमा गर्ने उच्चारण त्रुटिहरूको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । उक्त शोधपत्रको मूल उद्देश्य शब्दोउच्चारणमा त्रुटिहरूको पहिचान गर्नु, ग्रामीण र सहरी क्षेत्रका विद्यार्थीहरूले गर्ने त्रुटिहरू पत्ता लगाउनु, छात्र र छात्राहरूले गर्ने त्रुटिमा पाइने भिन्नता पत्ता लगाउनु, ती त्रुटिहरूको कारण पत्ता लगाई सुधारका लागि

सुझाव दिनु रहेका छन् । यस अध्ययनमा अध्ययन विधिको निर्माण, उद्देश्य निर्धारणमा सहयोग पुग्ने भएकाले यस अध्ययनमा उपयोगी भएको छ ।

वली (२०७४) ले *रोल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । उक्त शोधपत्रको मूल उद्देश्य रोल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, वाक्यहरूको वर्गीकरण गर्नु र उक्त त्रुटिका कारण के-के हुन सक्छन् आदि रहेका छन् । यस अध्ययनका लागि विधिको छनोट, उद्देश्य निर्धारण, सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकाले उक्त अध्ययन उपयोगी रहेको छ ।

रेग्मी (२०७५) ले *खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यरचना* शीर्षकको अध्ययनमा मूल उद्देश्य विद्यार्थीहरूको वाक्य रचनामा क्षमता, छात्रा र छात्रको वाक्यरचनामा क्षमता सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको वाक्य रचना क्षमता के छ भन्ने आदि रहेका छन् । यस अध्ययनमा विधि, उद्देश्य निर्धारण, सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकाले उक्त अध्ययन उपयोगी भएको छ ।

स्याङ्तान (२०७६) ले *तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । साथै यस शोधपत्रको मूल उद्देश्य नेपालीभाषी विद्यार्थीले वाक्यगठन गर्दा कस्ता त्रुटिहरू गर्छन् र प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा तुलना गर्दा कस्ता खालका त्रुटिहरू देखा पर्दछन् भनेर यसका समस्याको निराकरण गर्नु रहेका छन् । शोधपत्रमा विधि, उद्देश्य निर्धारण, सामग्री विश्लेषण विधिको निर्माणमा सहयोग पुग्ने भएकोले यस अध्ययनमा उपयोगी भएको छ ।

मगर आले (२०७९) ले *आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिको विश्लेषण* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । यस शोधपत्रको मूल उद्देश्य मगर भाषीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्न वर्णविन्यासगत त्रुटिको पहिचान र विश्लेषण, पदसङ्गतिका त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्नु, मगरभाषीहरूले नेपाली उच्चारण गर्दा गर्ने वाक्य रचनागत त्रुटिहरूको

पहिचान गरी विश्लेषण गर्नु रहेका छन् । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधको सैद्धान्तिक आधार तयार गर्न र शोधपत्रको उद्देश्य निर्माण गर्न मद्दत पुगेको छ ।

लिम्बू (२०७९) ले *कक्षा ७ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । यस शोधपत्रको मूल उद्देश्य वाक्यगठनमा त्रुटिहरूको पहिचान गर्न, त्रुटि गर्नुका कारण पत्ता लगाउन उक्त त्रुटिको निराकरणका लागि उपाय पत्ता लगाउनु रहेको छ । यस अध्ययनमा विधि, उद्देश्य, निर्धारण सामग्री विश्लेषण उपयोगी हुने भएकोले यस अध्ययनमा उपयोगी सामग्री भएको छ ।

चौधरी (२०८०) ले *थारू मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि* शीर्षकमा एक शोधपत्र प्रस्तुत गरेका छन् । यस शोधपत्रको मुख्य उद्देश्य नेपाली भाषा वाक्यगठन गर्ने त्रुटिहरूको पहिचान गर्नु, त्रुटिहरूको प्रमुख कारण पत्ता लगाउनु र त्रुटि निराकरणका उपयाहरू पत्ता लगाउनु रहेका छन् । यस अध्ययनमा विधि, उद्देश्य निर्धारण, सामग्री विश्लेषण उपयोगी हुने भएकोले यस अध्ययनमा उपयोगी सामग्री भएको छ ।

सैद्धान्तिक अवधारणा

भाषा मानवीय र सामाजिक वस्तु हो । यो मानव मात्रको निजी पेवा हो र समाजद्वारा पिँढी दरपिँढी हुँदै हुँदै प्राप्त हुने वस्तु हो (शर्मा र पौडेल, २०७३, पृ. १) । भाषाको स्तरीय र मानक प्रयोगका लागि वाक्यरचनाका विभिन्न पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, कारक आदिको सङ्गतियुक्त प्रयोग हुनु आवश्यक देखिन्छ ।

त्रुटि विश्लेषणको परिचय

त्रुटि विश्लेषण भाषा सिकाइ प्रक्रियाको अध्ययन गर्ने एक महत्त्वपूर्ण पद्धति हो । भाषा सिकाइका क्रममा कुनै पनि व्यक्तिले त्रुटि गर्दछ । नेपाली भाषा शिक्षाको प्रसङ्गमा त्रुटि विश्लेषण एक नवीन पद्धति हो । त्रुटि विश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण वा पद्धति हो । भाषा सिकाइ कठिन कार्य भएकाले जुनसुकै भाषा पनि एकैचोटि सहज रूपमा सिक्न गाह्रो हुन्छ । जो कोहीले भाषा सिकाइमा पनि धेरै थोरै अवश्य त्रुटि गर्छन् । भाषाविज्ञानको वर्तमान खोज अनुसार भाषा सिक्दा त्रुटिलाई स्वाभाविक प्रक्रियाका रूपमा स्विकारिन्छ । विभिन्न भाषाभाषी पृष्ठभूमि भएका नेपाली

विद्यार्थीहरूले मानक नेपाली सिक्दा विभिन्न किसिमका त्रुटिहरू गर्ने र उक्त त्रुटिहरूको अध्ययन शिक्षणमा प्रभावकारी हुने ठानिएको छ (अधिकारी, २०५३, पृ. १०३) । तसर्थ भाषा सिकाइका क्रममा विद्यार्थीले के कस्ता गल्तीहरू गर्छन् र के कति कारणले ती गल्तीहरू हुन्छन् भनेर अध्ययन गर्नु नै त्रुटि विश्लेषण हो ।

विभिन्न मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने क्रममा त्रुटिहरू गरेको पाइन्छ । त्यसलाई भाषा सिकाइ पद्धतिको एउटा क्रम पनि भन्न सकिन्छ । सिक्ने व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा कतिको ज्ञान छ, यसबाट उसले अझै के कति सिक्न वा पत्ता लगाउन सक्दछ भन्ने अध्ययन गर्न सकिन्छ (एस.पिट् कर्डर १९७३, उद्घृत लम्साल र अन्य, २०४४) ।

भाषा सिकाइका क्रममा विद्यार्थीहरूले विभिन्न प्रकृतिका त्रुटिहरू गर्दछन् । यस्ता त्रुटिहरूलाई विभिन्न आधारमा हेर्न सकिन्छ । एकातिर त्रुटिहरूलाई खास भाषिक एकाइका आधारमा देखाउन सकिन्छ भने अर्कातिर यिनलाई सिकाइ प्रक्रिया, त्रुटिगत प्रकृति एवम् प्रवृत्तिका आधारमा पनि औँल्याउन सकिन्छ (अधिकारी, २०६७, पृ. १७७) । विभिन्न पृष्ठभूमिका सिकारुले नेपाली मानक भाषा सिक्ने क्रममा त्रुटिहरू गरेका हुन्छन् । दोस्रो भाषा सिकाइका क्रममा सिकारुले के कस्ता कमीकमजोरी गर्छन् र त्यसको निदान कसरी गर्न सकिन्छ । त्यसलाई पत्ता लगाएर अध्ययन गर्नु नै त्रुटि विश्लेषणको सन्दर्भ हो । यसरी हेर्दा बहुभमाषिक मुलुकमा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्दा सिकारुले प्राप्त गर्ने प्रतिफलको प्रतिनिधित्व त्रुटिविश्लेषणले गर्दछ (विष्ट, २०७०, पृ. २१) । त्रुटिविश्लेषण र सिकाइ एक अर्कामा अन्योन्याश्रित हुन्छन् । विद्यार्थीले सिक्ने क्रममा नै विभिन्न खालका कमीकमजोरीहरू गर्ने गरेका पाइन्छन् । तिनको अध्ययन गर्नु नै त्रुटि विश्लेषण हो ।

हाम्रो जस्तो बहुभाषिक मुलुकमा विभिन्न खालका भाषाहरू बोल्ने गरिन्छन् । बहुभाषी समुदायबाट विद्यार्थीहरू विद्यालयमा पढ्न आउँछन् । उनीहरूले मानक नेपाली भाषा सिक्ने क्रममा त्रुटिहरू गर्छन् । ती त्रुटिहरूको पहिचान गरेर कारणहरू पत्ता लगाई स्तरीय मानक भाषाको प्रयोगमा सहयोग पुऱ्याउने हुँदा त्रुटि विश्लेषण महत्त्वपूर्ण हुन्छ ।

त्रुटिविश्लेषणको महत्त्व

भाषा सिकाइका क्रममा त्रुटिको अध्ययन विद्यार्थीको भाषा सिकाइ प्रक्रियाको विकाससँग सम्बन्धित छ । त्रुटि विश्लेषण भाषा सिकाइ प्रक्रियाको अध्ययन गर्ने महत्त्वपूर्ण माध्यम हो । कुनै पनि भाषा सिकाइका क्रममा त्रुटि हुनु स्वाभाविक छ । त्रुटिले भाषा सिकाइको प्रकृति तथा प्रवृत्तिलाई सङ्केत गरेको हुन्छ । अतः भाषा सिक्ने क्रममा शिक्षार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन गर्नु त्रुटिविश्लेषणको महत्त्व हो (अधिकारी, २०५३, पृ. १०३) । भाषा विकासको प्रक्रियाको अध्ययन पहिलो भाषा वा मातृभाषामा मात्र नभई दोस्रो वा अन्य भाषा सिकाइमा पनि महत्त्वपूर्ण हुन आउँछ । विद्यार्थीहरूले सिक्न लागेका जुनसुकै भाषाको सिकाइप्रक्रियाको अध्ययन त्रुटिका दृष्टिले महत्त्वपूर्ण ठहरिन्छ ।

पहिलो भाषा होस् या दोस्रो भाषा होस्, भाषा सिकाइका क्रममा त्रुटिहरू हुनु स्वाभाविक हो । यिनै त्रुटिहरूका कारणले विद्यार्थीले भाषा सिक्दै जाने हो । त्रुटि गर्दा नै विषयको ज्ञान प्राप्त हुने भएकाले सिकाइमा त्रुटिको महत्त्व छ । पहिलो र दोस्रो भाषाको संरचना समान भएका ठाउँमा सिकाइ सहज हुने कुरा महत्त्वपूर्ण छ । यस कुराको अध्ययनमा त्रुटि विश्लेषणले सहयोग पुऱ्याउँछ । मूलतः प्रायोगिक कार्य हो, जसले स्थापित सिद्धान्त तथा पूर्वानुमानलाई वास्तविक भाषा सिकाइका क्रममा कसी लगाउने काम गर्छ । त्रुटि विश्लेषणले भाषा सिकाइका क्रममा सहजता ल्याउने काम गर्दछ । त्रुटि नगरी कुनै पनि सिकारुले भाषा सिक्न सक्दैन । भाषा सिक्दा त झन् जो कसैले पनि गल्ती गर्न सक्छ । विद्यार्थीलाई त्रुटिरहित, सुनियोजित र नियन्त्रित वातावरण दिए पनि उनीहरूले त्रुटिरहित ढङ्गले भाषा सिक्न कठिन हुन्छ । त्यसैले भाषा सिक्ने क्रममा नियन्त्रित वातावरणलाई जोड दिनु आवश्यक पर्दछ ।

यस अध्ययनअनुसार भाषाको व्यवस्थित प्रयोगले भाषा सम्पादनमा व्यवधान उत्पन्न हुन्छ । भाषामा एकरूपता र व्यवस्थितता कायम गरी मानक स्वरूप प्राप्त गर्न भाषामा हुने त्रुटि विश्लेषणले सबै पक्षलाई सहयोग पुऱ्याउँछ र आउँदा दिनमा परिस्कृत रूपमा भाषाको प्रयोगमा अग्रसर गराउँछ ।

त्रुटिको क्षेत्र

कुनै पनि भाषा प्रयोगमा देखिने विचलन, भुल, गल्ती, रडकाइ, चिप्लाई वा फिस्ताइलाई त्रुटि भनिन्छ । त्यसको प्रयोगलाई अशुद्ध प्रयोग, अमानक प्रयोग, अव्यवस्थित प्रयोग आदि भन्न सकिन्छ । यस्ता त्रुटिहरू नजानेर, बेवास्ता गरेर, लापरवाही गरेर पनि हुने गर्दछन् । जे भए पनि भाषाको त्रुटि क्षेत्र भनेको उच्चारणगत वर्ण, लिपिगत वर्णविन्यास, शब्दचयन, वाक्यरचना, वर्णविन्यास, अनुच्छेद निर्माणहरू हुन् ।

वाक्यरचनागत त्रुटि

व्याकरणको सबैभन्दा ठूलो एकाइ वाक्य हो । कर्ता र क्रियापद, विशेषण र विशेष्य, पदक्रमका साथै वाक्यगत जटिलता आदिबाट पर्ने त्रुटिलाई वाक्यगत त्रुटि भनिन्छ (अधिकारी, २०६७, पृ. १८३) । वाक्यरचनागत त्रुटिअन्तर्गत वचन, लिङ्ग, पुरुष, आदर, वाच्यसम्बन्धी पक्षहरू पर्दछन् ।

वचन : नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । त्यसैले यसको सम्बन्ध सङ्ख्यय नामसँग हुन्छ (अधिकारी, २०७६, पृ. ८९) । एक वा अनेकको बोध गराउने पदहरू नै वचन हुन् । वचन दुई प्रकारका हुन्छन् :

(अ) एकवचन : काग करायो ।

(आ) बहुवचन : काग कराए । कागहरू कराए ।

लिङ्ग : लिङ्गलाई वाक्य रचनाको महत्त्वपूर्ण पक्ष भनिन्छ । लिङ्गको अभिव्यक्ति नाम, विशेषण र क्रियापदमा हुन्छ । मूलतः लिङ्ग नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो । यसले नामको खास प्रकृतिलाई जनाउँछ (अधिकारी, २०७६, पृ. ८४) । लिङ्ग दुई प्रकारका हुन्छन् ।

(क) पुलिङ्ग : राम पाठ पढ्छ ।

(ख) स्त्रीलिङ्ग : सीता पाठ पढ्छे ।

पुरुष : अभिव्यक्तिको संलग्न सहभागिताको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ (अधिकारी, २०७६, पृ. ९८) । यो विशेषतः सर्वनामसँग सम्बन्धित छ । यसका तीन वटा प्रकार छन् :

(क) प्रथम पुरुष : म भात खान्छु ।

(ख) द्वितीय पुरुष : तँ पोखरा जान्छस् ।

(ग) तृतीय पुरुष : ऊ बजार जान्छ ।

आदर : वक्ता, स्रोता र सन्दर्भ (व्यक्ति) बिचको सामाजिक सम्बन्ध निर्देश गर्ने व्याकरणिक एकाइलाई आदर भनिन्छ । आदरले पनि व्याकरणात्मक कोटिलाई दर्साउँछ । यो मानवीय प्रसङ्गमा बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुन्छ (अधिकारी, २०७६, पृ. १०२) ।

(क) निम्न आदर : तँ मोटो छस् ।

(ख) मध्यम आदर : तिमी बाठा छौ ।

(ग) उच्च आदर : तपाइँ चिठी लेख्नुहुन्छ ।

(घ) उच्चतम आदर : बाबु साहेव घर होइबक्सिन्छ ।

वाच्य : वाक्यमा कर्ता, कर्म, भाव (क्रिया) मध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ । यो मुख्यतः क्रियासित सम्बन्धित भएर व्यक्त हुन्छ (अधिकारी, २०७६, पृ. १८२) । कर्ता, कर्म र भावसँग क्रियापदको सम्बन्ध फेर्दा वाक्यको अर्थमा कुनै परिवर्तन हुँदैन । वाच्यमा कर्मको, कर्ताको र क्रियाको प्राधान्य रहन्छ । क्रिया कर्तासँग सम्बन्धित हुन्छ । क्रियाको सम्बन्ध कर्मसँग रहँदा कर्म प्रधान हुन्छ । क्रियाका प्रकारहरू यसरी उल्लेख गरिएका छन् :

(क) कर्तृवाच्य : म घर जान्छु । सर्मिलाले फूलहरू रोपेकी छन् ।

(ख) कर्मवाच्य : देवकोटाद्वारा 'मुनामदन' लेखिएको थियो ।

(ग) भाववाच्य : धरान बजार घुमियो ।

भाषा मानवीय विचार तथा भावना र अनुभवहरूको आदान प्रदान गर्ने सबैभन्दा महत्त्वपूर्ण साधन हो । भाषालाई जीवन्तता दिने काम वाक्यले गर्दछ । ध्वनि, वर्ण, शब्द र पदावलीलाई भाषिक रूप दिने प्रक्रिया वाक्य रचना हो । वाक्य रचना गर्दा विभिन्न खालका त्रुटिहरू गरिएका हुन्छन् । व्यक्तिले विभिन्न क्षेत्रमा त्रुटिहरू गरेको हुन्छ । जस्तैः लिङ्ग, वचन, पुरुष ।

अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययनमा यस प्रकारको अवधारणात्मक ढाँचालाई अपनाइएको छ :



अध्याय तीन

शोधविधि तथा प्रक्रिया

अध्ययनसँग सम्बद्ध विभिन्न आवश्यकीय सामग्रीहरूको खोज गरी तिनलाई एकीकृत गर्ने काम नै सामग्री सङ्कलन हो । अनुसन्धानका लागि आवश्यक स्रोत सामग्रीको सङ्कलन, त्यसको परीक्षण र सत्यापनसम्मको समग्र प्रक्रियालाई अध्ययन भनिन्छ । शोधार्थीले गर्न लागेको शोधकार्य कुन ढाँचा तथा तरिका अपनाएर गर्ने भन्ने कुरा अध्ययनको विधि र प्रक्रियाअन्तर्गत रहन्छ । प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि विभिन्न विधिहरूको अवलम्बन गरिएको छ । यो अध्ययन स्थलगत अध्ययन विधिमा आधारित छ । यस अध्ययनमा कक्षामा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यरचना गर्दा देखिएको त्रुटिको पहिचान गर्ने विषय भएकाले जनसङ्ख्याको पहिचान, नमुना छनोट, साधनको निर्माण, तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण गरिएको छ ।

अध्ययनको ढाँचा

यस शोधपत्रको दार्शनिक आधार वर्णनात्मकता हो । वर्णनात्मकता आयामको क्षेत्र भनेको अनुसन्धानलाई अगाडि बढाउने काम हो । उक्त आयामअन्तर्गत गुणात्मक अध्ययन पद्धति तथा कक्षाकोठा अवलोकनको ढाँचामा प्रस्तुत अध्ययन आधारित छ ।

अध्ययनको विधि

यो अध्ययन काठमाडौँ महानगरपालिकाको बौद्ध क्षेत्रका सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली वाक्य रचनामा गरिएको त्रुटि अध्ययनमा केन्द्रित छ । अनुसन्धान प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्त्व दिएर अनुसन्धानको निष्कर्ष निर्माण गरिएको छ ।

जनसङ्ख्या

प्रस्तुत अध्ययनमा काठमाडौँ म.न.पा. बौद्ध क्षेत्रका सामुदायिक विद्यालयका शैक्षिक सत्र २०८० मा कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

नमुना छनोट

प्रतिनिधि नमुना जनसङ्ख्याले पूर्णतः प्रतिनिधित्व गरोस् भन्ने दृष्टिकोणले सिङ्गो जनसङ्ख्याबाट काठमाडौँ मा.न.पा. बौद्ध क्षेत्रका ५ वटा सामुदायिक विद्यालय छनोट गरिएका छन् । सोद्देश्यमूलक नमुना छनोटका आधारमा उक्त ५ वटा विद्यालयबाट ५/५ जना विद्यार्थीहरू छानिएका छन् । कुल २५ जना विद्यार्थीबाट गोलाप्रथाबाट हरेक विद्यालयबाट १/१ जनालाई अध्ययनको प्रतिनिधि नमुनाको रूपमा लिएको छ ।

सामग्री सङ्कलनका स्रोतहरू

यस अध्ययनका लागि तथ्याङ्क सङ्कलनका लागि आवश्यक पर्ने साधनहरू निम्नानुसार प्रयोग गरिएका छन् :

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न छनोट गरिएका प्रत्येक विद्यार्थीको लागि प्रश्नोत्तर तयार गरिएको छ । उक्त प्रश्नोत्तरलाई निर्धारित विद्यालयमा गएर २५ जना विद्यार्थीमध्ये ५ जनालाई उक्त प्रश्न दिएर कार्यान्वयन गरिएको छ । शिक्षकका लागि खुला प्रश्नावलीको निर्माण गरी प्रतिक्रिया सङ्कलन गरिएको छ ।

प्राथमिक स्रोत : यसअन्तर्गत निर्धारित विद्यालयका विद्यार्थीका लागि र शिक्षकका लागि विभिन्न खालका प्रश्नहरू निर्माण गरी अध्येता स्वयम् उक्त विद्यालयका विद्यार्थीहरूले लेखेको पाठ र शिक्षकको प्रतिक्रियालाई प्राथमिक स्रोतका रूपमा लिएको छ ।

द्वितीयक स्रोत : द्वितीयक स्रोतअन्तर्गत पुस्तकालयीय कार्यहरू, पूर्व शोधपत्रहरू, लेख रचना, पत्रपत्रिका, जर्नलहरूलाई लिएको छ ।

सामग्रीको विश्वसनीयता निर्धारण

विद्यार्थीले लेखेका पाठ तथा शिक्षकलाई सोधिएको खुल्ला प्रश्नावलीबाट विश्वसनीयता निर्धारण गरिएको छ । विद्यार्थीले लेखेका पाठको थिम निर्माण तथा शिक्षकका प्रतिक्रियाको पनि थिम निर्माण गरी थिम र कोडका आधारमा थिमेटिक विश्लेषण गरिएको छ ।

सामग्रीको विश्लेषण

प्रस्तुत अध्ययनमा तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गर्ने क्रममा विद्यार्थीका त्रुटिलाई विभिन्न व्याकरणिक कोटिका आधारमा वर्गीकरण गरी छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । तयार पारिएको प्रश्नोत्तर ५ जना विद्यार्थीबाट आएका विभिन्न खालका व्याकरणिक त्रुटिहरूलाई अध्ययनको सामग्री बनाएको छ ।

अध्याय चार

व्याख्या तथा विश्लेषण

कक्षा ८ मा अध्ययन गर्ने तामाङ्भाषी विद्यार्थीको नेपाली वाक्यरचनामा त्रुटि

प्रस्तुत शोधपत्रमा का.म.न.पा. बौद्ध क्षेत्रका ५ वटा सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यरचना गर्दा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ। वाक्य रचनामा त्रुटिहरूको अध्ययनमा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, आदर आदिमा भएका त्रुटिको अध्ययन गरिएको छ। प्रस्तुत अध्ययनको उद्देश्य का.म.न.पा. बौद्ध क्षेत्रको कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले वाक्यरचना गर्दा त्रुटिका प्रकारको क्षेत्र पहिचान गर्ने साथै वाक्य रचना गर्दा त्रुटिको क्षेत्रको अध्ययन गरी सुझावहरू प्रदान गर्नु रहेको छ।

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूले वाक्यरचनामा गरेका त्रुटिहरूलाई विश्लेषण गरिएको छ। विद्यार्थीहरूले के कति त्रुटि, कुन प्रकारका त्रुटि, कस्ता कस्ता त्रुटि गरे भनी विद्यार्थीले तयार पारेको सामग्रीको आधारमा व्याख्या विश्लेषण गरिएको छ। यस आधारमा शब्द चयन, वाक्यरचना, वर्णविन्यास, अनुच्छेद लेखनको आदि क्षेत्रमा विद्यार्थीहरूले गरेका त्रुटिहरूको विश्लेषण गरिएको छ :

शब्दचयनमा प्रभाव

कक्षा ८ का तामाङभाषी विद्यार्थीहरूको त्रुटिका कारण नेपाली लेखनमा शब्द चयनमा प्रभाव पारेको पाइएको छ। हरेक विद्यार्थीको वैयक्तिक लेखनमा मातृभाषाको प्रभाव परेको पाइएको हुनाले शब्दचयनमा त्रुटि गरेका छन्। उक्त त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १

शब्दचयनमा त्रुटि

मानक पक्ष	प्रभाव पक्ष
श्री	श्रि

लाइब्रेरी	लाइबेरी
यति	एती
विद्यालय	विधालय
विद्यार्थी	विद्यार्थि
ल्याब	लायब
देखि	देखी
प्रधानाध्यापक	प्रध्यानाद्यापक

माथिको तालिकाअनुसार कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले नेपाली भाषाको रचना गर्दा निम्नानुसारको शब्द चयनगत त्रुटि गर्दछन् :

- 'श्री' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'श्रि' को प्रयोग गरेको देखिएको छ ।
- 'लाइब्रेरी' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव परेका कारण 'लाइब्रेरी' को प्रयोग गरेको देखिएको छ ।
- 'यति' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'एती' को प्रयोग गरेको देखिएको छ ।
- 'विद्यालय' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'विधालय' को प्रयोग गरेको देखिएको छ ।
- 'विद्यार्थी' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'विद्यार्थि' को प्रयोग गरेको देखिएको छ ।
- 'ल्याब' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'लायब' को प्रयोग गरेको देखिएको छ ।

- 'देखि' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'देखी' को प्रयोग गरेको देखिएको छ ।
- 'प्रधानाध्यापक' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'प्रध्यानाद्यापक' को प्रयोग गरेको देखिएको छ ।

वाक्यरचनागत त्रुटि

कक्षा ८ का तामाङभाषी विद्यार्थीहरूको नेपाली लेखनमा वाक्यरचनागत त्रुटि रहेको पाइएको छ । हरेक विद्यार्थीको वैयक्तिक लेखनमा त्यस्तै मातृभाषाको प्रभाव परेको पाइएको छ । उक्त प्रभावलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २

वाक्यरचनागत त्रुटि

मानक पक्ष	प्रभाव पक्ष
मेरो विद्यालयमा धेरै राम्रा कुराहरू छन् ।	मेरो विद्यालयमा धेरै राम्रो कुराहरू छन् । (वाक्यगठनको वचनगत प्रभाव)
शुक्रवार विभिन्न क्रियाकलाप हुन्छन् ।	सुक्रबार विभिन्न क्रियाकलाप हुन्छ (वर्णविन्यासको व/ब प्रभाव परेको)
विद्यार्थी १२०० भन्दा बढी रहेका छन् ।	विद्यार्थी १२०० भन्दा बढी रहेको छ (वाक्यरचनाको वचनगत प्रभाव)
तामाङ विद्यार्थीहरू छन् ।	तामाङ विद्यार्थीहरू छ (वाक्यरचनाको वचनगत प्रभाव)
बाहिरबाट हेर्दा विद्यालय विद्यालय जस्तो देखिँदैन ।	विद्यालय बाहिरबाट हेर्दा विद्यालय जस्तो देखिँदैन (अर्थको शब्द रचनागत प्रभाव)
यो विद्यालयमा खाजा पनि दिन्छन् ।	यो विद्यालयमा खाजा पनि दिन्छ (अर्थको शब्दप्रयोगगत प्रभाव)

माथिको तालिकाअनुसार कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले नेपाली वाक्यको रचना गर्दा वाक्यनिर्माणमा निम्नानुसारको प्रभाव परेको देखिएको छ :

- 'मेरो विद्यालयमा धेरै राम्रा कुराहरू छन् ।' मानक वाक्य निर्माणमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'मेरो विद्यालयमा धेरै राम्रो कुराहरू छन् ।' को प्रयोग गरेको देखिएको छ ।
- 'विद्यार्थी १२०० भन्दा बढी रहेका छन्' मानक वाक्य निर्माणमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'विद्यार्थी १२०० भन्दा बढी रहेको छ ।' को प्रयोग गरेको देखिएको छ ।
- 'मेरो विद्यालय बौद्ध महाङ्कालमा पर्छ ।' मानक वाक्य निर्माणमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'म विद्यालय बौद्ध महाकालमा पर्छ ।' को प्रयोग गरेको देखिएको छ ।
- बाहिरबाट हेर्दा विद्यालय विद्यालय जस्तो देखिँदैन ।
- 'यो विद्यालयमा खाजा दिन्छन्' मानक वाक्य निर्माणमा उनीहरूको मातृभाषााले प्रभाव पारेका कारण 'यो विद्यालयमा खाजा पनि दिन्छ' को प्रयोग गरेको देखिएको छ ।

वर्णविन्यासगत त्रुटि

कक्षा ८ का तामाङभाषी विद्यार्थीहरूले नेपाली लेखनमा वर्णविन्यासगत त्रुटि गरेको पाइएको छ । हरेक विद्यार्थीको वैयक्तिक लेखनमा त्यस्तै मातृभाषाको प्रभाव परेको पाइएको छ । उक्त प्रभावलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. ३

वर्णविन्यासगत त्रुटि

मानक पक्ष	प्रभाव पक्ष	वर्णविन्यासगत प्रभाव
यति	यती	ह्रस्वदीर्घ
बजे	वजे	व/ब
राम्रो	रामरो	विभक्ति/वर्णविन्यास
कम्प्युटर	कमयपुटर	वर्णविन्यास
क्यान्टिन	क्यानिटन	वर्णविन्यास
हरियाली	हारीयाली	आकार/ह्रस्वदीर्घ
आँगन	आगन	चन्द्रविन्दु
कराँते	कराते	चन्द्रविन्दु
कक्षासम्म	कक्षा सम्म	पदयोग
शिक्षक	शिक्षाका	आकार
सुविधा	सुविदा	द/ध

माथिको तालिकाअनुसार कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले नेपाली वाक्यको भाषाको रचना गर्दा निम्नानुसारको वर्णविन्यासगत त्रुटि गरेको देखिन्छ :

- 'यति' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'यत्ती' को प्रयोग गरेको देखिएको छ ।
- 'बजे' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'वजे' को प्रयोग गरेको देखिएको छ ।

- 'राम्रो' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'रामरो' को प्रयोग गरेको देखिएको छ ।
- 'कम्प्युटर' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'कमयपुटर' को प्रयोग गरेको देखिएको छ ।
- 'क्यान्टिन' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'क्यानटिन' को प्रयोग गरेको देखिएको छ ।
- 'हरियाली' मानक शब्दको प्रयोगमा उनीहरूको मातृभाषाले प्रभाव पारेका कारण 'हरीयाली' को प्रयोग गरी 'आ' कार र ह्रस्व/दीर्घ (ि / ी) गरेको देखिन्छ ।
- 'आँगन' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषाको प्रभाव पारेका कारण 'आगन' को प्रयोग गरेको देखिएको छ ।
- 'कराँते' मानक शब्द प्रयोगमा उनीहरूको मातृभाषालले प्रभाव पारेका कारण 'कराते' को प्रयोग गरेको देखिएको छ ।
- 'कक्षासम्म' मानक शब्द प्रयोगमा उनीहरूले मातृभाषाका प्रभावका कारण 'कक्षा सम्म' को प्रयोग गरेको देखिन्छ ।
- 'शिक्षक' मानक शब्द प्रयोगमा उनीहरूले मातृभाषाले प्रभाव पारेका कारण 'शिक्षिका' को प्रयोग गरेको देखिन्छ ।
- 'सुविधा' मानक शब्द प्रयोगमा उनीहरूले मातृभाषाले पारेका प्रभावका कारण 'सुविदा' को प्रयोग गरेको देखिएको छ ।

अनुच्छेद रचनामा गर्ने त्रुटि

अनुच्छेद निर्माण गर्दा यसको आदि, मध्य र अन्त्य भागलाई ध्यान दिनुपर्छ । आदि भागमा अनुच्छेदमा व्यक्त विचारको बीज वाक्य, बीजको प्रभावीकरणमा आएका विस्तारित वाक्यलाई मध्य भाग र विचारको सार वा निष्कर्ष वाक्यलाई सारवाक्य भन्ने गरिन्छ (नेपाल, २०७९, पृ. ६) । उक्त संरचनाको मान्यताका आधारमा कक्षा ८ का तामाङभाषी विद्यार्थीको अनुच्छेद रचनामा परेको मातृभाषाको प्रभावलाई विश्लेषण गरिएको छ :

अनुच्छेद नं. १



माथिको अनुच्छेदमा मेरो विद्यालय शीर्षकमा विद्यार्थीको विचारलाई व्यक्त गरिएको छ । उक्त अनुच्छेदमा बीज वाक्यका रूपमा पहिलो वाक्यले भूमिका निभाएको देखिन्छ । उक्त वाक्य 'मेरो विद्यालयको नाम श्री पशुपति मि.त्र माध्यमिक विद्यालय हो । हाम्रो विद्यालय सन् २००४ मा निर्माण भएको हो । हाम्रो विद्यालय महानगरपालिका वडा नं. ७ मा पर्छ ।' मा शब्द प्रयोगमा विचलन आए तापनि संरचनागत पक्षको प्रस्तुति रहेको छ । उक्त बीज वाक्यको विस्तारका रूपमा अन्य विभिन्न वाक्यहरू आएका छन् । यद्यपि विद्यार्थीले 'हाम्रो विद्यालयमा विविधतामा एकता कायम रहेको छ ।' वाक्यलाई आफ्नो निष्कर्ष वा सार वाक्य बनाएको देखिन्छ । तथापि, प्रस्तुत अनुच्छेद रचनामा पनि भाषिक स्वरूपका वर्ण, रूप, शब्द तथा वाक्य रचनामा नै तामाङ मातृभाषाको प्रभाव परेको कारण विविध क्षेत्रका त्रुटि देखिएका छन् ।

यसैगरी 'मेरो विद्यालय' शीर्षकमा अर्को सूचक वा विद्यार्थीले आफ्नो विचार यसरी व्यक्त गरेको छ :

अनुच्छेद नं. २


अनुच्छेद नं. 2

मेरो विद्यालय

मेरो विद्यालयको नाम महेन्द्र बौद्ध माध्यामिक विद्यालय हो । यो विद्यालय काठमाडौं महानगरपालीका वडा न ६ मा पर्छ । हाम्रो विद्यालयमा कक्षा १ देखी १२ कक्षा सम्म पढाउनु हुन्छ । हाम्रो विद्यालयमा धेरै जस्तो तामाङ विद्यार्थीहरु छ । हाम्रो विद्यालयमा खाने पानीको सुविधा छ । र खाजाको पनि सुविधा छ । हाम्रो विद्यालयमा एउटा मन्दिर पनि छ र एउटा ठूलो चौर पनि छ । हाम्रो विद्यालय २०१२ सन्चालन भएको हो । हाम्रो विद्यालयमा लाइबेरीको पनि सुविधा छ । हाम्रो विद्यालयमा महिलाहरूलाई महिना वारी हुदा प्याट दिने सुविधा पनि छ । हाम्रो विद्यालयमा विद्यार्थी लकभक ४०० जना भन्दा बढी छन् भने शिक्षकहरू ३४ जना हुनुहुन्छ । हाम्रो विद्यालयमा डिजीटल बोटको पनि सुविधा छ भने कम्प्युटरको पनि सुविधा छ । हाम्रो विद्यालयमा आइतबार देखी बिहीवार सम्म पढाई हुन्छ भने सुक्रबार विभिन्न क्रिया कलापहरू हुन्छ । हाम्रो विद्यालय १० बजे देखी सुरू हुन्छ भने छुट्टी ४ बजे हुन्छ । हाम्रो विद्यालयमा मन्दिर वरीपरि फूलहरू पनि रोपेका पनि छन् । र विद्यालय वरीपरि पनि फूल रोपेका छन् । हाम्रो विद्यालयमा तामाङ भाषा पनि पढाइन्छ भने नेपाल भाषा पनि पढाइन्छ । र तामाङ भाषा कक्षा १ देखी ६ सम्म पढाइन्छ भने नेपाल भाषा ६ कक्षा देखी ८ कक्षा सम्म पढाइन्छ । हाम्रो विद्यालय नजिक एउटा गुम्बा पनि छ । हाम्रो विद्यालयमा धेरै कुराहरूको सुविधा छ । मेरो विद्यालयको बारेमा यती भनेर विदा हुन्छु ।

माथिको अनुच्छेदमा 'मेरो विद्यालय' शीर्षकमा विद्यार्थीको विचारलाई व्यक्त गरिएको छ । उक्त अनुच्छेदमा बीज वाक्यका रूपमा पहिलो वाक्यले भूमिका निभाएको देखिन्छ । उक्त वाक्य 'मेरो विद्यालयको नाम महेन्द्र बौद्ध माध्यमिक विद्यालय हो । यो विद्यालय काठमडौं महानगरपालिका वडा नं. ६ मा पर्छ । हाम्रो विद्यालयमा कक्षा १ देखि १२ कक्षासम्म पढाउनु हुन्छ । हाम्रो विद्यालयमा धेरैजसो तामाङ विद्यार्थीहरू छ ।' मा शब्द प्रयोगमा विचलन आए तापनि संरचनागत पक्षको प्रस्तुति रहेको छ । उक्त बीज वाक्यका विस्तारका रूपमा अन्य विभिन्न वाक्यहरू आएका छन् । यद्यपि विद्यार्थीले 'हाम्रो विद्यालयमा धेरै कुराहरूको सुविधा छ ।' वाक्यलाई आफ्नो निष्कर्ष वा सार वाक्य बनाएको देखिन्छ । तथापि प्रस्तुत अनुच्छेद रचनामा पनि भाषिक स्वरूपका वर्ण, रूप, शब्द तथा वाक्य रचनामा भने तामाङ मातृभाषाको प्रभाव परेका कारण विविध क्षेत्रका त्रुटि देखिएका छन् ।

यसैगरी मेरो विद्यालय शीर्षकमा अर्को सूचक वा विद्यार्थीले आफ्नो विचार यसरी व्यक्त गरेको छ :

अनुच्छेद नं. ३


अनुच्छेद नं.३ मेरो विद्यालय

मेरो विद्यालयमा धेरै रामरो कुराहरू छन् र सबै जस्ता कुराहरू रामरो छ त्यसमा विद्यालयको पढ्ने समय ६:३० बाट सुरू हुन्छ । र विद्यालय बिदा हुने समय ११ बजे बिदा हुन्छ । र हामीलाई पढ्ने शिक्षक ८ जना हुनुहुन्छ । र उहाहरूको नाम सिता, जुति, जुति, निरमला, उहाहरू हामी जति छम सबैलाई एकदम धेरै रामरो शिक्षा दिनुहुन्छ र कुनै दिन हामीलाई रमाइलो पनि गराउनु हुन्छ र त्यसमा विद्यालयमा ८ कक्षा सम्मा मात्रा कक्षा छ । र यो विद्यालयमा बताजा पनि दिन्छ । मेरो विद्यालयमा आफ्नु आफ्नु कक्षामा रवास मान्छे हुँदैन र मान्छे नहुन कारन के हो भने यो विद्यालय बाहिरा बाट रामरोसङ्ग देख्दैन रहेछ । त्यसैले यो विद्यालय मान्छे नहुन कारण हुन्छ र यो विद्यालय हलका रमरो बनाउनु पर्छ हुन्छ किन भने यो विद्यालय बाहीरा बाट हेर्दा विद्यालय जस्तो देख्दैन यो विद्यालयको र ... भन्दाई म बिदा लिना चाहन्छु ।

माथिको अनुच्छेदमा 'मेरो विद्यालय' शीर्षकमा विद्यार्थीको विचारलाई व्यक्त गरिएको छ । उक्त अनुच्छेदमा बीज वाक्यका रूपमा पहिलो वाक्यले भूमिका निभाएको देखिन्छ । उक्त वाक्यमा 'मेरो विद्यालयमा धेरै रामरो कुराहरू छन् र सबै जस्ता कुराहरू रामरो छ ।' मा शब्द प्रयोगमा विचलन आए तापनि संरचनागत पक्षको प्रस्तुति रहेको छ । उक्त बीज वाक्यको विस्तारका रूपमा अन्य विभिन्न वाक्यहरू आएका छन् । यद्यपि विद्यार्थीले 'यो विद्यालय बाहिरबाट हेर्दा विद्यालय जस्तो देखिँदैन ।' भन्ने वाक्यलाई आफ्नो सार वाक्य बनाएको देखिन्छ । तथापि, प्रस्तुत अनुच्छेद रचनामा पनि भाषिक स्वरूपका वर्ण, रूप, शब्द तथा वाक्य रचनामा नै तामाङ मातृभाषीको प्रभाव परेका कारण विविध क्षेत्रका त्रुटि देखिएका छन् ।

यसैगरी 'मेरो विद्यालय' शीर्षकमा अर्को सूचक वा विद्यार्थीले आफ्नो विचार यसरी व्यक्त गरेको छ :

अनुच्छेद नं. ४


अनुच्छेद नं. ४

मेरो विद्यालय

मेरो विद्यालय को नाम श्रम राष्ट्रिय माध्यमिक विद्यालय हो।
मेरो विद्यालय कुमारिगाल काठमाडौं वडा नं ७ मा पर्छ।
हाम्रो विद्यालय वि.सं. २०२० मा स्थापना भएको हो। हाम्रो विद्यालयको
प्रध्याना ध्यापकको नाम नारायण प्रसाद नेपाल हो। हाम्रो विद्यालय-
मा KG देखि १० सम्मका पढाइ हुन्छ। हाम्रो विद्यालयमा ८०० जना
विद्यार्थीहरू छन्। हाम्रो विद्यालयमा KG देखि ६ सम्मको दिउसो
हुन्छ र ७ देखि १० सम्मको बिहान हुन्छ। हाम्रो विद्यालयमा काठमाडौं
महानगरपालिकाले खाजाको उवस्थापन गरिदिनु भएको छ। यहा
पिउने पानि र सौंचालय को पनि राम्रो व्यवस्थापन रहेको
छ। हाम्रो विद्यालयमा सिर्जनात्मक क्रियाकलाप हुन्छ। हाम्रो
विद्यालयमा स्कलरसिपको राम्रो व्यवस्तापन छ। यहा स्काउटको
पनि व्यवस्थापन छ। यहा एउटा लाइब्रेरि र कम्प्युटर पनि छ।
त्यहा नेपाल भाषा को पनि पडाइ हुन्छ हुनेगरेको छ। हाम्रो विद्यालयमा
हरेक वर्ष SEE मा उत्कृस्ट अन्क अड्क ल्याएर पास भएका
छन्। हाम्रो विद्यालयमा स्मार्ट बोर्डको पनि व्यवस्था छ। हाम्रो
विद्यालयमा हरेक शुक्रबार एक्सट्रा कम्प्युटर क्लास हुने
गर्दै आएको छ। यति भन्दै म बिदा हुन चाहन्छु

माथिको अनुच्छेदमा 'मेरो विद्यालय' शीर्षकमा विद्यार्थीको विचारलाई व्यक्त गरिएको छ। उक्त अनुच्छेदमा बीज वाक्यका रूपमा पहिलो वाक्यले भूमिका निभाएको देखिन्छ। उक्त वाक्य 'मेरो विद्यालयको नाम श्रम राष्ट्रिय माध्यमिक विध्यालय हो। मेरो विध्यालय कुमारिगाल काठमाडौँ वडा नं. ७ मा पर्छ।' मा शब्द प्रयोगमा विचलन आए तापनि संरचनागत पक्षको प्रस्तुति रहेको छ। उक्त बीज वाक्यको विस्तारका रूपमा अन्य विभिन्न वाक्यहरू आएका छन्। यद्यपि विद्यार्थीले 'हाम्रो विध्यालयमा हरेक शुक्रवार एक्सट्रा कम्प्युटर क्लास हुने गर्दै आएको छ' भन्ने वाक्यलाई आफ्नो निष्कर्ष वा सार वाक्य बनाएको देखिन्छ। तथापि प्रस्तुत अनुच्छेद रचनामा पनि भाषिक स्वरूपका वर्ण, रूप, शब्द तथा वाक्य रचनामा नै तामाङ मातृभाषाको प्रभाव परेको कारण विविध क्षेत्रमा त्रुटि देखिएका छन्।

त्यसैगरी 'मेरो विद्यालय' शीर्षकमा अर्को सूचक वा विद्यार्थीले आफ्नो विचार यसरी व्यक्त गरेको छ :

अनुच्छेद नं. ५


अनुच्छेद नं. ५

मेरो विद्यालय

मेरो नाम एलिसा थिङ हो । म श्री जनकल्याण माध्यमिक विद्यालयमा पढ्छु । म विद्यालय बौद्ध महाकाल ग्राम ५ मा पर्छ । मेरो विद्यालयमा ५७ जना शिक्षका हुनुहुन्छ । हाम्रो विद्यालयमा २५०० औटा विद्यार्थी छन् । यहाँ २ बिल्डिङ छ र पाँच ओटा ब्लक छ । यहाँ धेरै प्रकारको फूल छ र एउटा वाटर फाउन्टेन छ । हाम्रो विद्यालयको प्रधानाध्यापक ज्यूको नाम मनोज पथाम हुन् र भाइस प्रद्धानाध्यापक ज्यूको नाम सुरेश सर हुनुहुन्छ । हाम्रो विद्यालयमा धेरै सुविधा छ जस्तै खानेपानी, सफा टोइलेट, कम्प्युटर लाइब, डान्स कक्षा, आइसीटी हाल छ । हाम्रो विद्यालयमा एउटा क्यान्टिन छ । यहाँ धेरै कक्षा कोठाहरू छ । हाम्रो विद्यालयमा १२ सम्म पढाइन्छ । हाम्रो विद्यालयलाई धेरै फूलबिरुवाले शोभेको छ । यहाँ ठूलो आँगन छ र एउटा राम्रो सरस्वतिको माताको मुरति छ । हाम्रो विद्यालयमा मेडिकल रुम, र लाइब्रेरी र साइन्स लाब, Math लाव आदि छ । हाम्रो विद्यालयमा नेपालको नापको छ चित्र छ । हाम्रो विद्यालय धेरै सफा र हारीयाली छ ।

माथिको अनुच्छेदमा 'मेरो विद्यालय' शीर्षकमा विद्यार्थीको विचारलाई व्यक्त गरिएको छ । उक्त अनुच्छेदमा बीज वाक्यका रूपमा पहिलो वाक्यले भूमिका निभाएको देखिन्छ । उक्त वाक्यमा 'मेरो नाम सपना हो (नाम परिवर्तन) म श्री जनकल्याण माध्यमिक विद्यालयमा पढ्छु । म विद्यालय बौद्ध महाकालमा पर्छ ।' मा शब्द प्रयोगमा विचलन आए तापनि संरचनागत पक्षको प्रस्तुति रहेको छ । उक्त बीज वाक्यको विस्तारका रूपमा अन्य विविध वाक्यहरू आएका छन् । यद्यपि विद्यार्थीले 'हाम्रो विद्यालय धेरै सफा र हारीयाली छ ।' भन्ने वाक्यलाई आफ्नो निष्कर्ष वा सार वाक्य बनाएको देखिन्छ । तथापि, प्रस्तुत अनुच्छेद रचनामा पनि भाषिक स्वरूपका वर्ण, रूप, शब्द तथा वाक्य रचनामा नै तामाङ मातृभाषाको प्रभाव परेको कारण विविध क्षेत्रका त्रुटि देखिएका छन् ।

निष्कर्ष

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यरचना गर्दा देखिएका त्रुटिको अध्ययनमा विद्यार्थीहरूद्वारा लेखिएका पाठमा विभिन्न खालका त्रुटिहरू गरेका छन्, जसमा शब्द चयनमा प्रभाव देखिएको छ । जसमा विद्यार्थीको वैयक्तिक लेखनमा मातृभाषाको प्रभाव परेको छ । वाक्यनिर्माणमा परेको प्रभाव, वर्णविन्यासमा परेको प्रभाव,

अनुच्छेद रचनामा मातृभाषाको प्रभाव रहेको छ । उनीहरूको वैयक्तिक लेखनमा मातृभाषाको प्रभाव पारेको छ । उनीहरूले गर्ने वाक्य रचनागत त्रुटिमा प्रभावलाई त्यसको कारण पहिल्याएर त्यसलाई सुधार गर्ने निराकरणका उपाय पत्ता लगाउनु पर्छ । समग्रमा भन्नुपर्दा तामाङभाषी विद्यार्थीहरूले वाक्य रचना गर्दा विभिन्न क्षेत्रमा त्रुटि गर्दछन् । यसको कारण भनेको भाषिक, सामुदायिक र पारिवारिक कारण हुन सक्छ । यसलाई निराकरण गर्न नेपाली भाषालाई बढी जोड दिनु पर्छ । मानक नेपाली सिक्दा विद्यार्थीहरूले त्रुटि गरिएको हुन्छन् । कुन कुन क्षेत्रमा कस्ता खालका त्रुटिहरू गर्छन् भनेर त्यसको विश्लेषण माथि गरिएको छ । दोस्रो भाषा सिक्दा पहिलो भाषाको संरचनाको तथा अनुभवको स्थानान्तरण गर्दछन् अनि स्थानान्तरण गर्दा दोस्रो भाषा वा लक्षित भाषा सिकाइमा सुविधा वा द्विविधा हुन सक्छ । त्यसले तामाङभाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा गर्ने त्रुटिहरूलाई पत्ता लगाएर माथि उल्लेख गरिएको छ ।

विद्यार्थीको त्रुटिसम्बन्धी शिक्षकको प्रतिक्रिया

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यरचना गर्दा देखिएका त्रुटिको अध्ययनमा शिक्षकहरूको प्रतिक्रियालाई पनि प्रस्तुत गरिएको छ । उक्त क्रममा ५ जना शिक्षकको प्रतिक्रिया लिइएको थियो । उनीहरूको प्रतिक्रियालाई साझा कोड तथा थिमको निर्माण गरी थिमेटिक शीर्षकका आधारमा विश्लेषण गरिएको छ ।

थिम निर्माण १

थिम	कोड
भाषिक पृष्ठभूमि	दोस्रो भाषा (नेपाली)

भाषिक पृष्ठभूमि : शिक्षकहरूको प्रतिक्रियालाई समग्र रूपमा हेर्दा सबैभन्दा धेरै तामाङभाषी विद्यार्थीहरू देखिएका छन् । अन्यमा शेर्पा, राई, नेवारी, मैथली, भोजपुरी, टिवेटियन, गुरुङ, उर्दु, भोजपुरी, हिन्दी आदि भाषी विद्यार्थीहरूको उपस्थिति रहेको देखिन्छ । जसमध्ये मेरो अध्ययनको उद्देश्यलाई मध्यनजर गरेर तामाङभाषी विद्यार्थीहरूलाई लिइएको छ । दोस्रोभाषा (नेपाली) को वाक्यरचना गर्दा गरेका त्रुटिलाई यसप्रकार प्रस्तुत गरिएको छ :

थिम निर्माण २

थिम	कोड
शिक्षण सहिभागिता	गतिविधि

शिक्षण सहभागिता : दोस्रो भाषा (नेपाली) सिक्ने तामाङभाषी विद्यार्थीहरूको नेपाली सिकाइमा सहभागिता कस्तो छ भनी हामीले शिक्षकको प्रतिक्रिया लिएका छौँ । त्यमा ठाउँ परिवेशअनुसार तामाङभाषी विद्यार्थीको सहभागिता मध्यम खालको र सन्तोषजनक देखिँदैन भन्ने प्रतिक्रिया पाएँ । विभिन्न भाषिक पृष्ठभूमिबाट आउने विद्यार्थीहरू भएकोले नेपालीभाषी विद्यार्थीहरूबाट राम्ररी सहयोग गरिएको पाइएको देखिन्छ । शिक्षण सहभागिताको गतिविधिको प्रतिक्रिया यसरी माथि विश्लेषण गरिएको छ ।

थिम निर्माण ३

थिम	कोड
भाषिक अभ्यास	शैक्षणिक अभ्यास

माथि उल्लेख गरिएको भाषिक अभ्यासमा तामाङभाषी विद्यार्थीले गरेको शैक्षणिक भाषिकको अभ्यासको शिक्षकको प्रतिक्रियामा भाषिक अभ्यास कस्तो छ त भन्ने प्रश्नमा तामाङभाषी विद्यार्थीले आदर, सङ्गति, वाक्यरचना, पदसङ्गति जस्ता अभ्यासमा कमीकमजोरी गरिएको र भइरहेको पनि पाइएको छ ।

थिम निर्माण ४

थिम	कोड
भाषिक अवस्था	वाक्यरचनाको अवस्था

भाषिक अवस्था : कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले वाक्य रचना गर्दा भाषिक स्तर कस्तो खालको छ भनेर प्रश्न गर्दा तामाङभाषी विद्यार्थीहरूको भाषिक

स्तर कमजोर, मध्यमखालको, उच्च स्तरको जस्ता प्रतिक्रिया पाए । शिक्षकहरूको समग्र प्रतिक्रियालाई हेर्दा यसको निचोड यस खालको पाइएको छ ।

थिम निर्माण ५

थिम	कोड
वाक्यरचनामा प्रभाव	वाक्यरचनामा मातृभाषाको प्रभाव

वाक्यरचनामा प्रभाव : कक्षा ८ मा अध्ययनरत तामाङ विद्यार्थीहरूको वाक्यरचनागत प्रभावमा शिक्षकहरूको प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । तामाङभाषी विद्यार्थीहरूले उच्चारणमा, वर्णविन्यास शब्दचयन, वाक्यरचनागत त्रुटि गरिएको देखिएको छ । शुद्ध, अशुद्ध लेखन, श्रुतिलेखन, सङ्गति लेखनमा प्रभाव पारिएको देखिन्छ ।

निष्कर्ष : कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा शीर्षकमा मैले शिक्षकको प्रतिक्रिया लिएकी थिएँ । ५ जना शिक्षकबाट लिएको प्रतिक्रियालाई समग्र रूपमा हेर्दा माथि थिम निर्माण गरेअनुसार भाषिक पृष्ठभूमिमा विभिन्न समुदायबाट विद्यार्थीहरू सहभागी हुने गरेको पाइएको छ । जस्तैः तामाङ, शेर्पा, राई, नेवारी, मैथली, भोजपुरी, टिवेटियन, गुरुङ, उर्दु, हिन्दी आदि भाषी विद्यार्थीहरू उपस्थित भएको देखिन्छ । त्यसपछि शिक्षण सहभागिता कस्तो छ भनेर हेर्दा परिवेशअनुसार विद्यार्थीहरूको सहभागिता भएको पाएँ । विभिन्न भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई नेपालीभाषी विद्यार्थीहरूले राम्ररी सहयोग गर्ने देखिन्छ । साथै दोस्रो विद्यार्थीहरूको भाषिक अभ्यास चाहिँ कस्तो छ भनेर हेर्दा उनीहरूले आदर, सङ्गति, वाक्यरचना, पदसङ्गति जस्ता अभ्यासमा कमीकमजोरी गरिएको देखिएको छ । त्यसपछि भाषिक अवस्था र वाक्यरचनागत प्रभाव कस्तो छ भनेर हेर्दा भाषिक अवस्था मध्यम खालको, उच्च स्तरको जस्ता प्रतिक्रिया पाइएको छ भनेर प्रश्न गर्दा वर्णविन्यास, शब्दचयन, वाक्यरचना, शुद्ध अशुद्ध लेखन, श्रुतिलेखन, सङ्गति लेखनमा प्रभाव पाइएको छ । समग्रमा तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यरचना त्रुटिमा गरेको प्रभावलाई विश्लेषण गरिएको छ ।

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले वाक्य रचनामा गर्ने त्रुटि

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्य रचना गर्दा विभिन्न ठाउँमा त्रुटि गरेको पाइएको छ । जम्मा २५ जना विद्यार्थीमध्ये ५ जना विद्यार्थीबाट सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषण गर्दा देहायअनुसारको त्रुटि पाइएको छ :

व्यतिरेकी विश्लेषणको अपूर्णताको विकल्पका रूपमा प्रतिपादित त्रुटिविश्लेषणले सिकारुको लक्ष्य भाषाको सिकाइका क्रममा विभिन्न खालको त्रुटि गरिन्छ । कुनै पनि भाषा प्रयोगमा देखिने विचलन, भुल, गल्ती, रड्काइ, चिप्लाई वा फिस्ताइलाई त्रुटि भनिन्छ । अशुद्ध प्रयोग, अमानक प्रयोग, अव्यवस्थित प्रयोग आदि पनि भन्न सकिन्छ । प्रयोक्ताले सावधान भई भाषाको प्रयोग गरेमा यस किसिमको त्रुटि नगर्ने हुन्छ । यस्ता त्रुटिहरू उसको प्रयोगमा कतै कतै मात्र वा ज्यादै कम मात्रामा देखिन्छन् र कतै चाहिँ त्रुटिविहिन रूपमै हुन्छन् (अधिकारी, २०५३, पृ. १११) । तामाङभाषी विद्यार्थीले नेपाली वाक्य रचना गर्दा विभिन्न क्षेत्रमा त्रुटि गरेको देखिन्छ । उच्चारणमा त/ट, रि/क्ति, ब/व, /द/ड आदिमा त्रुटि गरेको देखिन्छ भने वर्णविन्यासगत त्रुटिमा चन्द्रविन्दु, शिरविन्दु, ह्रस्वदीर्घ आदिमा त्रुटि भएको छ । वाक्य निर्माण, शब्दचयनमा अनुच्छेद निर्माणमा पनि तामाङ मातृभाषीको प्रभाव परेको छ । यी क्षेत्रमा गरेको त्रुटिको आधारमा विद्यार्थीको वाक्यरचनागत त्रुटिको अध्ययन गरिएको छ । दोस्रो भाषा सिक्ने क्रममा पहिलो मातृभाषी विद्यार्थीहरूले त्रुटि गरेका हुन्छन् । कुन क्षेत्रमा कस्ता खालका त्रुटि गरेका छन् र त्यसलाई निराकरण गर्न के के उपायहरू अपनाउन पर्छ भनेर अध्ययन गरी निचोड निकाल्नु पर्दछ । भाषा सिकाइका क्रममा त्रुटि हुनु स्वाभाविक हो । यिनै त्रुटिहरूबाट विद्यार्थीले भाषा कसरी सिक्दोरहेछ र उसको सिकाइको प्रवृत्तिका साथै सामान्य र विशेष स्थिति सकिने हुनाले पहिलो भाषा जस्तो दोस्रो भाषा सिकाइमा वैयक्तिक तथा वातावरणीय कारणले पनि त्यति सहज हुन सक्दैन र दोस्रो भाषा सिक्ने वा रचना गर्ने क्रममा विभिन्न क्षेत्रमा त्रुटिहरू देखापर्दछ ।

समग्रमा शिक्षकको प्रतिक्रियालाई थिम निर्माण गरी उक्त थिमका आधारमा विश्लेषण यसरी गरिएको छ :

भाषिक पृष्ठभूमि : कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको भाषिक पृष्ठभूमि कस्तो छ भनेर शिक्षकसँगको प्रतिक्रियालाई समग्र रूपमा हेर्दा विभिन्न

पृष्ठभूमिबाट विद्यार्थीहरूको उपस्थित रहेको देखिन्छ । जसमध्ये अध्ययनको उद्देश्यलाई मध्यनजर गरेर तामाङभाषी विद्यार्थीलाई लिएको छ ।

शिक्षण सहभागिता : त्यसैगरी दोस्रो भाषा (नेपाली) सिक्ने तामाङभाषी विद्यार्थीहरूको शिक्षण सहभागिता ठाउँ परिवेशअनुसार भएको देखिन्छ । त्यस्तै बौद्ध क्षेत्रको नजिकैका विद्यालयहरूमा तामाङभाषी विद्यार्थीको सहभागिता बाक्लो खालको देखिन्छ भने आसपासको क्षेत्रमा अलि कम सहभागिता रहेको देखिन्छ । विभिन्न भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई नेपाली भाषी विद्यार्थीहरूले सहयोग गरेको देखिन्छ।

भाषिक अभ्यास : त्यसैगरी भाषिक अभ्यास कस्तो छ त भनेर प्रश्न सोध्ने क्रममा तामाङभाषी विद्यार्थीको आदर, सङ्गति, वचन, वाक्यरचना, पदसङ्गति जस्ता अभ्यासमा कमजोरी रहेको पाइएको छ । विभिन्न पृष्ठभूमिबाट आएका विद्यार्थीहरू जस्तैः मातृभाषा बोल्ने विद्यार्थीहरूले यस्ता खालका त्रुटि गरेको देखाइएको छ ।

भाषिक अवस्था : त्यसैगरी कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा भाषिक स्तर कमजोर, मध्यम खालको उच्च स्तरको जस्ता प्रतिक्रिया पाएका छन् । तामाङभाषी विद्यार्थीहरूले आफ्नो मातृभाषा बोल्ने हुँदा नेपाली भाषामा अवश्य नै कमीकमजोरी गर्ने गर्दछन् । लिङ्ग, वचन, पुरुष, काल, आदर जस्ता पक्षमा धेरै त्रुटि गरेको पाइन्छ ।

वाक्यरचनामा प्रभाव : कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा परेको प्रभावलाई हेर्दा उच्चारणमा त्रुटि गरेको पाइन्छ । शब्दचयन, वाक्यरचनागत त्रुटि पनि गरेको पाइएको छ । शुद्ध, अशुद्ध लेखन, श्रुति लेखन, सङ्गति लेखनमा समेत प्रभाव परेको पाइएको छ ।

समग्रमा शिक्षकको प्रतिक्रियाको विश्लेषण गर्दा तामाङ मातृभाषी विद्यार्थीहरूले विभिन्न पक्षमा त्रुटि गरेको पाइएको छ । शब्दचयनमा, वर्णविन्यासमा, वाक्यरचना आदिमा त्रुटि गरेको पइएको छ । यसको सुधारको पक्षलाई खोजेर निराकरणका उपाय अपनाउन जरुरी छ ।

परिच्छेद पाँच

सारांश, निष्कर्ष तथा उपयोगिता

सारांश

वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा १२४ भाषाभाषी रहेका छन् । जसमध्ये तामाङ भाषा एक राष्ट्रिय भाषा हो । तामाङहरू नेपालका विभिन्न जिल्लामा छरिएर बसेको पाइन्छ । तामाङहरू जनजातिभित्र पर्दछन् र उनीहरूको भाषा पनि तामाङ नै हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभावी भाषाहरू (जस्तैः अङ्ग्रेजी, हिन्दी, नेपाली आदि) ले अन्य भाषाभाषीहरूलाई स्वाभाविक रूपमा प्रभाव पर्ने सामान्य प्रक्रियाअन्तर्गत तामाङ भाषीलाई पनि नेपालको राष्ट्रभाषा नेपालीले केही मात्रामा प्रभाव पारेको देखिन्छ ।

प्रस्तुत अध्ययनको पहिलो अध्यायमा शोधको परिचय राखिएको छ । शोधको परिचयमा भाषाको परिचय दिइएको छ भने समस्याकथनअन्तर्गत काठमाडौँ न.पा. बौद्ध क्षेत्रका कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले नेपाली वाक्यरचना गर्दा कस्ता खालका त्रुटि गर्छन् ? त्रुटिको क्षेत्रको प्रकार कस्तो छ ? क्षेत्रहरू कस्ता छन् ? भनी समस्याका रूपमा लिएको छ । यसैगरी विद्यार्थीले गर्ने त्रुटिलाई व्याकरणात्मक कोटिको रूपमा अध्ययन गरी त्रुटिका क्षेत्रहरूलाई समस्याको रूपमा लिइएको छ । का.म.न.पा. बौद्ध क्षेत्रका ५ वटा सामुदायिक विद्यालयमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरू २५ जनालाई लिएर गोलाप्रथाबाट ५ जनालाई छनोट गरी शोधमा संलग्न हुने तालिकाद्वारा व्याख्या गरिएको र ती त्रुटिलाई विद्यालयमा प्रकृति, क्षेत्रको आधारमा विश्लेषण गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा समावेश छ । यसअन्तर्गत पूर्वकार्यको समीक्षाभित्र पुस्तक, अहिलेसम्म लेखिएका लेखहरू, विभिन्न लेखकका वाक्यरचनागत त्रुटि, शोधकार्यका पुनरावलोकन विभिन्न जिल्लाका विद्यार्थीको वाक्यरचनामा क्षमता, विद्यार्थीले वाक्यरचनामा गर्ने त्रुटिहरू, वाक्यरचनाका त्रुटिहरूको उल्लेख गरिएको छ । यसमा नेपाली वाक्यरचनामा आधारभूत संरचनात्मक ढाँचाहरू, लिङ्ग, वचन, पुरुष, आदर, वाच्यलाई प्रस्तुत गरिएको छ ।

अध्याय तीनमा शोधमा प्रयोग भएका विधिहरूको उल्लेख गरिएको छ । शोधकार्यमा प्रयोग भएका अध्ययनको ढाँचा, अध्ययन विधिमा नमुना छनोट, सामग्री सङ्कलनका स्रोतहरू (प्राथमिक स्रोत, द्वितीय स्रोत), पूर्वकार्यको विश्वसनीयता निर्धारण, सामग्रीको विश्लेषणको व्याख्या गरिएको छ । यी सबै प्रक्रिया र विधिको माध्यमबाट का.म.न.पा.को बौद्ध क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूलाई सहभागी गराई तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ ।

अध्याय चारमा विद्यार्थीले गरेका त्रुटिहरूलाई समग्र तालिकीकरण गरी तिनको व्याख्या गरिएको छ । यसमा छनोट गरी लिएका विद्यार्थीहरूको वाक्यरचनागत त्रुटिलाई शब्दचयन, वाक्यनिर्माण, अनुच्छेद लेखन, वर्णविन्यासगत त्रुटिको आधारमा विश्लेषण गरिएको छ । र शिक्षकहरूको प्रतिक्रियालाई पनि तालिकीकरणद्वारा विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा निष्कर्ष, सारांश र उपयोगितालाई प्रस्तुत गरिएको छ । पहिलो अध्यायबाट पाँचौँ अध्यायसम्म के कति विश्लेषण गरिएको छ भनी प्रस्तुत गरिएको छ ।

निष्कर्ष

कक्षा ८ मा अध्ययनरत बौद्ध क्षेत्रका तामाङ मातृभाषी विद्यार्थीले नेपाली वाक्यरचना गर्दा गर्ने त्रुटिहरूलाई पाठ लिखतका आधारमा पत्ता लगाइएको छ । पाठका आधारमा विद्यार्थीहरूको वाक्यरचना क्षमतालाई हेर्दा विभिन्न क्षेत्रमा त्रुटि गरेको पाइएको छ । विद्यार्थीले गरेका त्रुटिहरूमा शब्दचयन, वाक्यनिर्माण, वर्णविन्यास र अनुच्छेद लेखनमा त्रुटि गरेको पाइएको छ । शब्दचयनमा मातृभाषाको प्रभावका कारण विभिन्न खालका त्रुटि गरेको पाइन्छ । जस्तैः 'श्रि', 'एती', 'विधालय' आदि जस्ता त्रुटि गरेको पाइएको छ । त्यसैगरी वाक्यनिर्माणमा पनि मातृभाषाको प्रभावका कारण विभिन्न खालका त्रुटिहरू गरेका छन् । जस्तैः "मेरो विद्यालयमा धेरै राम्रो कुराहरू छन् । तामाङ विद्यार्थीहरू छ ।" आदि । त्यसैगरी वर्णविन्यासमा परेको प्रभावमा पनि विद्यार्थीहरूले त्रुटि गरेको पाइएको छ । वर्णविन्यासगत प्रभावमा ह्रस्व, दीर्घ, व र ब, विभक्ति, आकार, पदयोग, वियोग जस्ता त्रुटि गरेको पाइएको छ । अनुच्छेद रचनामा पनि विद्यार्थीको विचारलाई हेर्दा बीज वाक्यका रूपमा पहिलो वाक्यले भूमिका निर्वाह गरेको देखिन्छ । यसमा उनीहरूले अनुच्छेद लेखनमा त्रुटि गरेको पाइन्छ ।

यसैगरी तामाङ मातृभाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा कस्ता खालका त्रुटि गर्छन् भनेर शिक्षकको प्रतिक्रियालाई हेर्दा विभिन्न खालका त्रुटिहरू छन् । त्यसलाई थिम निर्माण गरेर प्रस्तुत गरिएको छ । यसमा विद्यार्थीहरूरको भाषिक पृष्ठभूमि कस्तो छ ? शिक्षण सहभागिता कस्तो छ ? भाषिक अभ्यास कस्तो छ ? भाषिक अवस्था कस्तो छ ? वाक्यरचना कस्तो छ ? आदि प्रश्नमा शिक्षकहरूको प्रतिक्रियालाई मैले प्रस्तुत गरेकी थिएँ । विभिन्न समुदायबाट जातजातिका विद्यार्थीहरू आएका छन् । उनीहरूको भाषिक अवस्था र स्तरका बारेमा चर्चा गरिएको छ । वाक्यरचनामा कस्तो खालको प्रभाव परेको छ भनेर चर्चा गरिएको छ । यसरी समग्र रूपमा निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययन शब्दचयनमा प्रभाव, वाक्यनिर्माणमा प्रभाव, वर्णविन्यासमा प्रभाव र अनुच्छेदमा लेखनमा प्रभावसँग सम्बन्धित छ ।

त्रुटि विश्लेषण एउटा व्यवस्थित कार्य हो । त्रुटि पहिचानदेखि त्रुटि निराकरणसम्म चरणवद्ध तरिकाले व्यवस्थित र स्पष्ट रूपले अघि बढाएको हुन्छ । पहिलो, दोस्रो वा विदेशी जुनसुकै भाषा सिकाइको क्रममा पनि त्रुटि हुने गर्दछन् । त्यसैले भाषा सिकाइमा त्रुटि हुनुलाई स्वाभाविक प्रक्रिया मानिन्छ । काठमाडौँ म.न.पा. बौद्ध क्षेत्रमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको वाक्यरचनामा परेको प्रभावका क्षेत्रहरू शब्दचयन, वर्णविन्यास, अनुच्छेद निर्माण, वाक्यनिर्माण आदि रहेका छन् । ती तामाङभाषी विद्यार्थीहरूका लागि नेपाली भाषा दोस्रो भाषा हो । अतः यहाँ का.म.न.पा. का बौद्ध क्षेत्रका सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले वाक्यरचना गर्दा गरेको त्रुटिको अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकालिएका छन् :

- प्रस्तुत अध्ययन शब्दचयनमा त्रुटि, वाक्यनिर्माणमा त्रुटि, वर्णविन्यासमा त्रुटि र अनुच्छेद लेखनमा त्रुटिसँग सम्बन्धित छ ।
- वाक्य रचनामा यी पक्ष समेटी अनुच्छेद निर्माण गरिएको थियो ।
- विद्यार्थीबाट आएका त्रुटिहरूलाई तालिकाद्वारा प्रस्तुत गरिएको छ ।
- वाक्यनिर्माणमा पदयोग, पदवियोग, पुरुष, आदर आदिमा त्रुटि गरिएको पाइएको छ ।

- शब्दचयनमा ह्रस्व-दीर्घ, ध/द, व, ब, श, ष, स आदिमा त्रुटि गरेको पाइएको छ ।
- वर्णविन्यासमा पनि विभक्ति, चन्द्रविन्दु, शिरविन्दु, आकार आदिमा त्रुटि गरेको पाइएको छ ।
- अनुच्छेद निर्माणमा पनि वाक्यले भूमिका निर्वाह नगरेको, निष्कर्ष र सार नमिलेको पाइन्छ ।
- स्वतन्त्र लेखनमा तामाङभाषी विद्यार्थीहरूले बढी वर्णविन्यासगत त्रुटि गरेको पाइयो । बढीमा ह्रस्व दीर्घमा त्रुटि र कममा पदयोग, पदवियोगमा पाइयो ।
- समग्रमा विश्लेषणलाई हेर्दा विद्यार्थीले बढी त्रुटि गर्ने कारण सामाजिक-पारिवारिक वातावरण, समुदायको प्रभाव, विद्यालयका शिक्षकहरूको भाषाप्रतिको उदासीनता आदि रहेको देखिन्छ ।

यसरी यस अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने काठमाडौँ महानगरपालिका बौद्ध क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले वाक्य रचनामा त्रुटिहरू गर्दा रहेछन् । यस्ता त्रुटिहरू गर्नुका कारण मातृभाषाको प्रभाव, अभ्यासको कमी, असावधानी र प्रभावकारी शिक्षणको कमीले हुने गरेको पाइयो । यसर्थ यस्ता त्रुटि निराकरणका उपाय अपनाउन आवश्यक देखिन्छ ।

सुझावहरू

अनुसन्धानका क्रममा प्राप्त अनुभव र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा यस्ता त्रुटिहरूलाई समयमा नै समाधान गरी शुद्ध भाषिक प्रयोगतर्फ उन्मुख गराउन केही सुझावहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएका छन् :

- नेपाली भाषा शिक्षकले व्याकरणात्मक कोटिको राम्रो ज्ञान आर्जन गरी प्रभावकारी शिक्षण गर्नुपर्दछ ।
- पाठको उद्देश्य निर्धारण गरेर शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण गर्नुपर्दछ ।
- सैद्धान्तिक व्याकरणका सट्टामा प्रयोगमूलक अभ्यासमा जोड दिनुपर्दछ ।
- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकाको अध्ययन गरी प्रत्येक पाठको योजना निर्माण गरेर शिक्षण गर्नुपर्दछ ।

- नेपाली भाषा शिक्षकले विद्यार्थीहरूलाई बढी सक्रिय गराई तल्लो कक्षादेखि नै शुद्ध र स्पष्ट नेपाली बोल्ने र लेख्ने बानीको विकास गराउनु पर्दछ ।
- कमजोर विद्यार्थीहरूलाई थप समय उपलब्ध गराई शिक्षण गर्नुपर्दछ ।
- विद्यार्थीहरूलाई मानक नेपाली भाषाको प्रयोग गर्न सक्षम बनाउन तालिम प्राप्त शिक्षकको व्यवस्था गरी शिक्षकलाई समय समयमा तालिम र गोष्ठीमा सहभागी गराइनुपर्दछ र शिक्षकले सिकेका कुरा कक्षाकोठामा लागु गरे नगरेको प्रधानाध्यापकले अवलोकन गर्नुपर्दछ ।
- पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासले मात्र पर्याप्त नहुने हुँदा अन्य सम्बन्धित पुस्तकहरू प्रयोग गरी शिक्षण गर्नुपर्दछ ।
- समय समयमा कथा, कविता, संवाद, वादविवाद, निबन्ध आदि साहित्यिक विधासम्बन्धी प्रतिस्पर्धात्मक कार्यक्रम राखी पुरस्कृत गर्ने कार्यक्रमहरू राख्नुपर्दछ ।

उपयोगिता

हरेक कार्यको समाप्ति पश्चात् ठोस उपलब्धि प्राप्त हुन्छ । जसले त्यससँग सम्बन्धित सरोकारवालाहरूलाई विविध कार्य सम्पन्न गर्न सहयोग गर्दछ । प्रस्तुत शोध का.म.न.पा. बौद्ध क्षेत्रका सामुदायिक विद्यालयका तामाङभाषी विद्यार्थीले नेपाली वाक्यरचना गर्दा गर्ने त्रुटिहरूको अध्ययनमा केन्द्रित रहेको छ । अतः यस शोधका उपयोगिताहरूलाई नीतिगत तह र प्रयोगगत तहमा विभाजन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

नीतिगत तह

प्रस्तुत अध्ययनको नीतिगत तहमा निम्न उपयोगिताहरू रहेका देखिन्छन् :

१. आधारभूत तहको पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माणकर्तालाई त्यसमा प्रयोग हुने वाक्यरचनाको छनोट र स्तरण गर्न सहयोग मिल्नेछ ।

२. सन्दर्भ सामग्री निर्माण र वाक्यरचनाका अभ्यास पुस्तिका निर्माण गर्न मद्दत मिल्नेछ ।

३. शिक्षण क्रियाकलाप, शिक्षण सामग्री निर्माण र प्रयोगमा सहयोग मिल्नेछ ।

४. का.म.न.पा. बौद्ध क्षेत्रका तामाङभाषी विद्यार्थीले नेपाली वाक्यरचना गर्दा गर्ने त्रुटिका बारेमा जान्न चाहनेको जिज्ञासा मेटाउने छ ।

प्रयोगगत तह

नीति वा सिद्धान्त प्रयोगविना बेकार छ । नीति त्यतिखेर लाभप्रद हुन्छ जब त्यसलाई प्रयोग ल्याइन्छ र त्यसबाट लाभ उठाइन्छ । प्रस्तुत शोधको प्रयोग गर्ने तहका उपयोगिताहरू निम्नानुसार रहेका छन् :

१. वाक्यरचनामा गरिने त्रुटिको क्षेत्रको पहिचान गर्न र प्रकार पत्ता लगाउन,

२. शिक्षकलाई पेसाप्रति जिम्मेवार बनाई अपनत्वको भावना जगाई पेसागत सिप विकास गर्न,

३. शिक्षक, विद्यार्थी र अन्य सरोकारवालालाई सकारात्मक पृष्ठपोषण दिई स्तरीय भाषा प्रयोगमा प्रेरित गर्न,

४. विद्यार्थीलाई वाक्य रचनासम्बन्धी आधारभूत सिप प्रदान गर्न,

५. विद्यार्थीको पृष्ठभूमि, स्तर, मनोविज्ञान, रुचि अनुरूप वाक्य रचनामा शिक्षण गर्न,

६. प्रभावकारी विधि छनोट, शिक्षण सामग्री निर्माण र प्रयोग गरी शिक्षण गर्न ।

भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

भावी अनुसन्धानका लागि शोधशीर्षकहरू निम्नानुसार उल्लेख गरिएका छन् :

- कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको वाक्यरचना क्षमताको अध्ययन
- कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूले नेपाली उच्चारणमा वर्णविन्यासमा गर्ने त्रुटिको अध्ययन
- तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्य उच्चारण गर्दा गर्ने त्रुटिको अध्ययन
- कक्षा चारमा अध्ययनरत दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्अययन
- कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन

सन्दर्भ सामग्री सूची

पुस्तक

अधिकारी, हेमाङ्गराज (२०५३), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* (दोस्रो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* (पाँचौँ संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७६), *समसामयिक नेपाली व्याकरण* (सातौँ संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०७४), *प्रायोगिक भाषाविज्ञान* (चौथो संस्क.), काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शोधपत्र

अधिकारी, एगादेवी (२०७३), *इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

आले मगर, सीता (२०७९), *आधारभूत तहका मगर मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चौधरी, भावना (२०८०), *थारू मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटि,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थिङ, नवराज (२०६९), *कक्षा सातमा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पासवान, प्रमोद (२०७३), *कक्षा ८ मा अध्ययनरत मैथलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिकाइमा गर्ने उच्चारण त्रुटिहरूको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, खेमहरी (२०६९), *कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रेग्मी, प्रमिला (२०७५), *खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यरचना,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लिम्बू, हरिमाया (२०७९), *कक्षा ७ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

वली, तुलबहादुर (२०७४), *रोल्पा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

विष्ट, हेमन्ता (२०७०), *कक्षा ९ मा अध्ययरनत धिमालभाषी विद्यार्थीहरूले स्तरीय नेपाली प्रयोग गर्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, देवी कुमारी (२०७१), *कक्षा सातमा अध्ययनरत तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा लेखाइमा गर्ने त्रुटिको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, लक्ष्मी (२०७१), *कक्षा ८ का विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

स्याङ्तान, लक्ष्मी (२०७६), *तामाङ मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको एक अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

परिशिष्ट १

छनोटका लागि सङ्कलन गरिएका विद्यालयहरू

- श्री महेन्द्र बौद्ध माध्यमिक विद्यालय, का.म.न.पा. ६
- श्री मित्र आधारभूत विद्यालय, का.म.न.पा. ७
- श्रम राष्ट्रिय माध्यमिक विद्यालय, का.म.न.पा. ६
- श्री जनकल्याण माध्यमिक विद्यालय, का.म.न.पा. ६
- श्री पशुपति मित्र माध्यमिक विद्यालय, का.म.न.पा. ७

परिशिष्ट २

शिक्षकलाई गरिएका प्रश्नको प्रतिलिपि

कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको वाक्य रचनामा मातृभाषाको प्रभाव

आदरणीय शिक्षकहरू

नमस्कार ! ५८

म अनिता गोले स्नातकोत्तर तहकी विद्यार्थी हुँ । मैले अनुसन्धानको प्रयोजनले एउटा प्रश्नावली पठाएकी छु । कृपया यसमा भएका प्रश्नको उत्तरात्मक प्रतिक्रिया दिएर सहयोग गरिदिन अनुरोध गर्दछु ।

१ तपाईंको नाम के हो ?

→

२ तपाईंको शैक्षिक योग्यता कति हो ?

→ एम. ए (भाषा विज्ञान) एम. एड (नेपाली शिक्षा)

३ कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थी कुन भाषिक पृष्ठभूमिका छन् ?

→ धेरै तामाङ पृष्ठभूमिका विद्यार्थीहरू छन् भने केही टिवेटियन केही उच्च हिमालीक्षेत्रका शेर्पा, लामा, गुरुङ तथा थोरै नेवार पृष्ठभूमिका विद्यार्थीहरू यस विद्यालयमा अध्ययनरत छन्।

४ कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षणमा कस्तो सहभागिता छ ?

→ सरकारले विद्यालय तहको पाठ्यक्रममा नेपाली विषयलाई अनिवार्य बनाएकोले नेपाली भाषाभन्दा बाहिरको भाषाभाषिका विद्यार्थीहरूका लागि नेपाली भाषा दोस्रो भाषा हुने भए पनि सबै विद्यार्थीहरूको सहभागिता अनिवार्य र उत्साहजनक रहेको छ।

५ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको भाषिक अभ्यास कस्तो छ ?

→ नेपाली भाषा दोस्रो भाषा भएकोले उनीहरूको घरपरिवारमा आफ्नै तामाङ मातृभाषा बोलिने हुनाले त्यसको प्रभाव नेपाली भाषामा पर्ने गर्दछ। तर विद्यार्थीहरूमा तल्लो तहदेखि ८ कक्षा सम्म आइपुग्दा केही सुधार उन्मुख रहेको छ।

६ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूको नेपाली भाषा शिक्षणको अवस्था कस्तो छ ?

→ उनीहरूको बोलाइमा भाषिक त्रुटि, भने लेखाइमा पनि केही त्रुटिहरू देखिन्छन्, यो त्रुटि भनेको प्रायः क्रियापदहरूमा आलि बढी हुने गरेको देखिन्छ तापनि सुधारउन्मुख रहेको छ।

७ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरू कस्तो खालको नेपाली भाषाका वाक्यको अभ्यास गर्छन् ?

→ मैले ६ नं को प्रश्नको उत्तरमा पनि सुनाइसकेँ कि खास गरेर उनीहरूको रचना गरेको पुरुषवाचक सर्वनाम र क्रियापदमा त्रुटि गर्छन्। जस्तै: मेरो दाइ घरमा छाइन। यसमा क्रियापदमा त्रुटि देखिन्छ/

८ उनीहरूले रचना गरेको नेपाली वाक्यमा मातृभाषाको प्रभाव पर्छ कि पर्दैन ?

→ मातृभाषाको प्रभाव भन्दा नेपाली भाषाको भाषिका र तामाङ भाषा वा अन्य ~~भाषिक~~ भाषाका भाषिका फरक हुने हुनाले उक्त फरक परेको मैले पाएको छैन/

९ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीहरूले रचना गरेको वाक्यको कुन क्षेत्रमा मातृभाषाको प्रभाव पर्छ ?

→ मैले त वाक्यमा त्यस्तो फरक परेको पाएको छैन। मैले भाषिक भनेको जस्तै: "ङाला दिम चौतारा रि मुला।" यो वाक्यमा कतै पनि अन्य भाषाको प्रभाव देखिँदैन/ मेरो घर चौतारामा छ।

१० तामाङभाषी विद्यार्थीको आफ्नो मातृभाषाले नेपाली भाषा शिक्षणमा कस्तो प्रभाव पर्छ ? फरक स्पष्ट ??

→ कुनै पनि जात जातिको भाषाले एक अर्काको भाषाको प्रयोगमा प्रभाव त पार्ने नै भयो। नेपाली भाषा शिक्षणमा पनि यसको प्रभाव उच्चारण तह देखि लेखाइ व्याकरण तहमा पर्दछ।

११ कक्षा ८ का तामाङभाषी विद्यार्थीको नेपाली भाषा शिक्षणमा कस्ता समस्या देखापर्छन् ।

→ पहिलो समस्या शुद्ध उच्चारणमा पर्छ। दोस्रो समस्या अभ्यासमा पनि पर्न सक्छ। किताबमा "मेरो नाइनी दाजो छिन्।" भन्या लेखाइमा "मेरो नाइनी गन्या छन्।"

१२ उक्त समस्या कुन कुन क्षेत्रका छन् ? भनेपछि समस्यात हो कि भयो नि ?

→ सोध्न पुछ्को क्रममा मौलिक (प्रश्न) को उत्तर दिदा अर्को वाक्य निर्माणको क्रममा पनि -

१३ उनीहरूले दोस्रो भाषाका रूपमा नेपाली सिक्दा कस्तो चुनौती देखापर्छन् ?

→ दोस्रो भाषा हरेक भाषा भाषिलाई सिक्न चुनौती हो के भयो। किनकी हरेक भाषाको भाषिक संरचना फरक फरक हुन्छ। त्यसैले नेपाली भाषा सिक्दा पनि धेरै चुनौतीको विद्यार्थीहरूले सामना गर्नु पर्दछ।

१४ उनीहरूको सिकाइमा देखापरेका चुनौतीको सामना कसरी गर्छन् ?

→ उनीहरूले सामना गर्दै दैनिक रूपमा भाषाको (नेपाली भाषाको) अभ्यास गर्दै गर्दै निरन्तर रूपमा कक्षा चढ्दै जाँदै गर्दा पछि माथिल्लो कक्षामा पुगेपछि चुनौती कम हुँदै जाँदै।

१५ सिकाइमा देखापरेका चुनौतीको सामना गर्दा उनीहरू के-के उपाय अपनाउँछन् ?

→ सिकाइमा देखापरेका चुनौतीको सामना गर्दा उनीहरू नेपाली भाषालाई पहिलो भाषाको रूपमा प्रयोग गर्ने साथीहरू (सहपाठी) को सहयोग लिन्छन्। शिक्षकहरूको सहयोग लिन्छन्। रेडियो, टेलिभिजन तथा पुस्तकहरूका पनि सहयोग लिएर उनीहरू भाषा (उत्कृष्ट) हुँदै जाने गर्छन्।

१६ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले दोस्रो भाषा सिक्दा देखापर्ने समस्याहरूको समाधानका लागि शिक्षकले कस्तो प्रयास गरिरहेका छन् ?

→ विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्ने, शुद्ध लेख्न र शुद्ध सँग किताबका पाठहरू वाचन गर्न शिक्षक स्वयम्‌ले प्रेरित गर्नु पर्छ। साथै, पाठ्यपुस्तक, पत्रपत्रिका तथा नेपाली रचनाहरू पढ्न अनि प्रेरित गर्ने शिक्षकको भूमिका रहन्छ। शिक्षकले शुद्ध सँग उच्चारण गरेर, शुद्ध लेखेर विद्यार्थीको समस्या समाधान गर्नु पर्ने हुन्छ।

१७ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले दोस्रो भाषा सिक्दा देखापर्ने समस्याहरूको समाधानका लागि समुदायले कस्तो प्रयास गरिरहेको छ ?

→ खासै तामाङभाषि विद्यार्थीलाई भाषा सिक्दा समुदायको प्रत्यक्ष भूमिका नभए पनि आज भोलि हाम्रो समुदाय समावेसी हुन थालेको छ। समावेसी सामाजिक संरचनाले उनीहरूलाई नेपाली भाषा बोल्न प्रेरित गर्दै साथै तामाङ परिवारमा पनि केटाकेटीले आफ्नो घरमा नेपाली भाषाको अधिकतम प्रयोग गरेर प्रयास गरेको हुन्छ।

१८ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले दोस्रो भाषा सिक्दा देखापर्ने समस्याको समाधानका लागि विद्यालयले कस्तो प्रयास गरिरहेको छ ?

→ तामाङभाषी विद्यार्थीहरूलाई दोस्रो भाषा नेपाली भाषा सिकाउन ठूलो भूमिका खेलेको हुन्छ। जसमा विद्यालयमा (तामाङ-तामाङ) एकजाति विद्यार्थीहरूलाई नेपाली भाषा मात्र बोल्न प्रेरित गर्दछ साथै विद्यालयमा हुने सबैखाले क्रियाकलाप नेपाली भाषामा गराउने प्रयास गर्दै गरेको छ।

१९ कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले दोस्रो भाषा सिक्दा देखापर्ने समस्याको समाधानका लागि परिवारले कस्तो प्रयास गरिरहेको छ ?

→ मैले माथि नै भनिसकेको छु। तामाङ भाषि परिवारले आफ्नो परिवारमा आफ्नो मातृभाषा तामाङ भाषाका अलावा नेपाली भाषाको अधिकतम प्रयोग गरेर यो समस्याको समाधानमा महत्वपूर्ण भूमिका निभाउनु हुन्छ।

२० कक्षा ८ मा अध्ययनरत तामाङभाषी विद्यार्थीले दोस्रो भाषा सिक्दा देखापर्ने समस्याको समाधानका लागि साथीभाइले कस्तो प्रयास गरिरहेका छन् ?

→ साथी भाइको अहम भूमिका रहन्छ। तामाङभाषी विद्यार्थीहरूलाई पहिलो भाषाका रूपमा नेपाली बोल्ने साथीहरूले नेपाली भाषाप्रति आकर्षित बनाउन सक्छ। तामाङभाषी विद्यार्थीहरूमा नेपाली भाषा सम्बन्धी सकारात्मक सोच विकास हुन जान्छ।

नोट : सोधिएका प्रश्नको उत्तरात्मक प्रतिक्रिया दिई मेरो अनुसन्धानमा सहयोग गर्नुभएकोमा आभार व्यक्त गर्दछु तथा तपाईंको गोप्यतालाई सधैं सुरक्षित राख्ने प्रतिवद्धता व्यक्त गर्दछु।

Anita

शोधार्थी